# अठोट

(नाटक)

लीलादेवी श्रेष्ठ

प्रकाशक

**शब्दयात्रा प्रकाशन**

अक्षरधाम, बनेपा – ६, काभ्रे

(प्रकाशनपुष्प : १७५)

मूल्य : ११०।-

संस्करण : पहिलो

सर्वाधिकार : कृतिकारमा

प्रकाशनप्रति : ५०० मात्र

प्रकाशनकाल : वैशाख २०७९

अक्षराङ्कन : सङ्गीता केसी, बनेपा

साजसज्जा : गीता अधिकारी, बनेपा

आवरणसज्जा : इ. रोशन मञ्जुश्री अधिकारी

मुद्रक : सर्वश्री क्वालिटी प्रिन्टर्स, बनेपा, काभ्रे

ISBN: 987-9937-653-37-4

समर्पण

**यस पुस्तकका**
**सम्पूर्ण पाठकमा**

# मन्तव्य

नेपाली साहित्यमा सबैभन्दा कम लेखिएको विधा भनेको नाटक हो । विश्वकै परिवेशमा हेर्ने हो भने पनि नाटक एकदमै कम लेखिन्छ । एउटा सफल नाटककार जन्मन वर्षौं कुर्नुपर्छ ।

नाटक वास्तवमा साहित्यका अरू विधाभन्दा नितान्त फरक छ । त्यो फरक भनेको यसको मञ्चीय पक्ष हो । मञ्चमा पुगेपछि मात्र नाटक पूर्ण हुन्छ । लेखकको भावलाई निर्देशकले कलाकारहरूका माध्यमले मञ्चमा पुऱ्याउनु भनेको नाटकको पुनर्सिर्जना हो । यसैले जब एउटा नाटक मञ्चित हुन्छ, त्यसको अन्त्य मञ्चमा होइन, दर्शकको दिमागमा पुगेर सकिन्छ । नाटक हेरिसकेपछि दर्शकको मन-मस्तिष्क रन्थनिनुपर्छ । नाटकको सफलता पनि त्यही हो ।

यसैले नाटकको लेखन त केवल अपूर्ण खाका मात्र हो । मञ्चमा नपुगुन्जेल त्यो पूर्ण हुँदैन । यस अर्थमा नाटकको मञ्चीय पक्ष सबैभन्दा महत्त्वपूर्ण पक्ष हो । त्यसैले यो अरू आख्यानहरूभन्दा नितान्त फरक छ ।

नाटकको आलेख जब एउटा निर्देशकको हातमा पर्छ, उसले त्यस नाटकभित्र हेर्ने भनेको त्यसको मञ्चीयताको उपस्थिति हो । नाटकमा अभिनेय तत्त्वको प्रबलता, कथावस्तुको विकासमा द्वन्द्व र विकासक्रममा त्यसले दर्शकमा पार्ने प्रभाव सबैभन्दा महत्त्वपूर्ण पक्ष हुन् । यसैले नाटककार यस प्रसङ्गमा सचेत हुनु आवश्यक छ । नाटकको संरचना, प्रस्तुति र कथावस्तुको प्रभाव नै एउटा सफल नाटकको मापदण्ड हो ।

प्रस्तुत 'अठोट' (नाटक) यस दृष्टिले कति सफल छ भन्ने कुरा निर्देशकको आ-आफ्नो धारणा हुन सक्छ । नाटक पाठ्य विधा मात्र होइन । उपन्यास पढेजस्तो होइन नाटक पढ्नु । नाटक पढ्दा नै पाठकको मनमा दृश्यात्मकताको अनुभूति हुन्छ या भनूँ हुनुपर्छ ।

‘अठोट’ (नाटक) को संरचनाले दृश्यात्मकताको अनुभूति त हुन्छ नै, तर दृश्यात्मकता हुनु मात्र पनि नाटकको सम्पूर्णता होइन । कथ्यको प्रबलता र त्यसको प्रस्तुतिको शक्ति अर्को महत्त्वपूर्ण पक्ष हो । प्रस्तुत नाटकमा यो भने कतै अलमलिएको आभास हुन्छ । नाटकीय विकासमा चाहिने द्वन्द्वविधानको प्रबल उपस्थितिको माग गरिरहेको अनुभूति हुन्छ प्रस्तुत ‘अठोट’ (नाटक) मा ।

जे होस्, नेपाली नाटक विधामा एउटा थप उपलब्धि हो ‘अठोट’ को प्रकाशन । नाटककार लीलादेवी श्रेष्ठ धन्यवादका पात्र हुनुहुन्छ । उहाँबाट आगामी दिनहरूमा नाट्यलेखन अझ सशक्त बन्दै जाओस् । शुभकामना !

**– अशेष मल्ल**

# शुभकामना

मेरी जीवनसँगिनी लीलादेवी श्रेष्ठका पुराना कविता, भजन एवं नाटकलाई वि. सं. २०७९ को जेठ महिनामा प्रकाशित गर्ने शुभसाइत शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष एवं प्रतिभाशाली व्यक्तित्वका धनी श्री हरि मञ्जुश्रीले जुराइदिनुभएकोमा उहाँलाई धन्यवाद ज्ञापन गर्दछु । यसबाट मैले ज्यादै खुसीको अनुभूति गर्न पाएको छु । मेरी जीवनसँगिनीका कुनै-कुनै गीत वा कविताले समयमै स्थान पाए तापनि बाँकी सिर्जनाहरूले बल्ल पुस्तकको आकार पाएका छन् । गृहस्थी जीवन सफलतापूर्वक निर्वाह गर्दै धार्मिक अनि सामाजिक क्रियाकलापमा पनि आफूलाई सक्रिय राखेर उनले यी रचनाहरूको सिर्जना गरेकी हुन् ।

सुख र दुःख जीवनका मित्र हुन् सबैका लागि । तर सुख क्षणिक हुन्छ भने दुःख सधैँ-सधैँ लिसो टाँसिएझैँ टाँसिएको हुन्छ । यस्तै भयो हाम्रो जीवनयात्रामा पनि ।

वि. सं. २०४२ को असोज महिनामा अचानक मेरो नाकबाट लगातार १९ दिनसम्म रक्तस्राव भइरहँदा लाग्यो मलाई मेरो जीवनको अन्तिम क्षण आइपुगेको छ । त्यसपछि वि. सं. २०५३ को मार्ग महिनामा अचानक दुवै मृगौला ड्यामेज हुँदाको अकल्पनीय पीडाबोध र त्रास अनि वि. सं. २०६७ जेठ महिनामा पेटको ठूलो आन्द्रामा भएको डरलाग्दो रोग क्यान्सरले आक्रान्त हुँदाको कहालीलाग्दो परिस्थिति र समस्याहरूको सामना गर्नुपर्‍यो । मेरी धर्मपत्नीले यस्ता विषम अवस्थाहरूमा पनि आफ्नो कर्तव्य पूरा गर्ने धैर्य, साहस र जस्तोसुकै परिस्थितिमा पनि विचलित नभई अडिग रहन सक्ने बलिया हतियारहरूलाई आधार बनाई मलाई बचाइराख्नमा उत्कृष्ट भूमिका निर्वाह गरेकी छन् । मेरो स्वास्थ्यमा देखिएका यी तीनवटै प्राणघातक रोगहरूबाट बचाउन तन, मन, धन एवं सर्वस्व गुमाउन तयार भई मानसिक एवं शारीरिक कष्ट पनि

भोग्न पछि नपरेर मलाई उनले एउटा मृगौला दान दिई आजसम्म बचाउन सकेकी छन् । त्यसैले यो महान् त्याग र कर्तव्यपरायणताका गुणहरूको व्याख्या गर्ने मसँग शब्दहरू नै छैनन् ।

मेरी श्रीमतीको त्याग, प्रेम, समर्पण र सहनशीलताको अनि मप्रतिका व्यावहारिक गुणहरूको ऋण मैले जन्मजन्ममा पनि चुक्ता गर्न सक्तिनँ । त्यसैले एक अद्भुत क्षमतावान् मेरी जीवनसँगिनीको प्रशंसा एवं कदर गर्दै एउटा गीत मैले आफ्नै शब्द, सङ्गीत र स्वरमा तयार गरेर सप्रेम उनलाई समर्पण गरेको छु । यी तीन भयानक रोगहरूलाई मेरो जीवनमा आएको आँधी, हुरी अनि बताससँग तुलना गरी तयार पारेको हुँ, जुन गीत 'यु-ट्युब' मा केदारनाथ श्रेष्ठ सर्च गरी सुन्न सकिन्छ ।

**गीतको बोल –**

आँधी, हुरी, बतासले विचलित बनाउन खोज्दा
धेरै पीडा भोग्यौ तिमीले मलाई बचाउन खोज्दा

हिँड्दाहिँड्दै बीचैमा लरखराउँदै ढलेँ म
हात समाती तिमीले उठायौ अनि उठेँ म
कसरी त्यो क्षण आयो, कता अल्झोमा परेँ म
सहारा मेरो तिमी नै, तिमीले गर्दा बाँचेँ म

आपदविपदले घेर्दा साहस बटुली तिमीले
रोक्ने प्रयास गर्दा झन् कष्ट पायौ तिमीले
मृत्युसित खेलेर मलाई बचायौ तिमीले
मैले त हारेकै हुँ, बाजी जित्यौ तिमीले

अन्त्यमा, आउँदा दिनमा पनि नयाँ-नयाँ सिर्जना गर्ने शक्तिको तिमीमा प्रादुर्भाव हुन सकोस् । सधैँ स्वस्थ रही सामाजिक तथा धार्मिक कार्यहरूमा अग्रणी भूमिका निर्वाह गर्दै दीर्घ जीवनसहित जीवनयात्रा सुखपूर्वक रमोस् भनी भगवान्सँग प्रार्थना गर्दछु । यही मेरो हार्दिक शुभकामना छ तिमीलाई । धेरै-धेरै प्रेमसहित –

**– केदारनाथ श्रेष्ठ**

# मेरो भन्नु

धेरै वर्षपहिले मैले लेखेको 'अठोट' शीर्षकको कथालाई नाटकका रूपमा पनि तयार गर्ने सोच बनाएँ । सोअनुरूप नाटकको प्रतिलिपि पनि तयार भयो । तर यो नाटक समयमै प्रकाशन हुन सकेन । केही महिनाअगाडि शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष भाइ हरि मञ्जुश्रीसँग दाजु द्रोणप्रसाद श्रेष्ठको घरमा भेट भएपछि मेरा रचनाका बारेमा विचारविमर्श भयो । आफ्ना सिर्जनाहरूलाई प्रकाशन गर्दा राम्रो हुने कुराको निधो भयो । मेरा श्रीमान् केदारनाथ श्रेष्ठ एवं ज्वाइँ राजेन्द्र प्रधान (त्रिवेणी छापाखाना) ले पनि सजग गराइरहनु भएकै हो । तर हरि मञ्जुश्रीबाट आवश्यक एवं उपयुक्त सल्लाह र सहयोगको आश्वासन पाएपछि नाटकलाई पुस्तकका रूपमा निकाल्ने टुङ्गो लाग्यो र बल्ल यस कार्यका लागि समय आइपुगेको मलाई महसुस भयो ।

मैले नाटकमा सकेसम्म यथार्थ घटनाहरूको चित्रण गरेकी छु । हुन त मानिसहरू कतिपय कुराको बाध्यतामा बाँधिएका हुन्छन्, तर पनि आफ्नो जन्मस्थानप्रतिको कर्तव्यबोध कसैले पनि नबिर्सिउन् । यो नाटकको मूल सार यही नै हो । यो नाटकमा केही कमी-कमजोरी हुन सक्छ । पाठकवर्गबाट सुझावसहित प्रतिक्रिया स्वीकार्य छ ।

मेरो 'अठोट' नाटकका बारेमा आफ्नो विचार एवं सल्लाह दिँदै मन्तव्य लेखिदिने भाइ अशेष मल्ल, जो एक ख्यातिप्राप्त र चर्चित नाटककार हुनुहुन्छ, उहाँलाई हृदयदेखि नै धेरै धन्यवादसहित कृतज्ञता ज्ञापन गर्न चाहन्छु । साथै, मेरा सबै शुभचिन्तकहरूलाई पनि धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा, यस पुस्तकको प्रकाशनका लागि शब्दयात्रा प्रकाशनका संस्थापक अध्यक्ष हरि मञ्जुश्रीलगायत सम्बन्धित सबैप्रति आभार व्यक्त गर्दछु ।

**– लीलादेवी श्रेष्ठ**

# प्रकाशकीय

लीलादेवी श्रेष्ठ । सङ्खुवासभा र भोजपुर दुवै जिल्लाले गौरव गर्ने व्यक्तित्व । कविता, गीत, भजन, नाटक, कथा जस्ता धेरै विधामा कलम चलाउन सक्षम । भक्तिसङ्गीतमा पनि दक्ष । तर आफ्नो व्यावहारिकताका कारणले गुम्सिएर बस्नुपरेको । क्षमता र प्रतिभा प्रस्फुटित यदाकदा भएर पनि प्रकाशित र प्रसारित हुन नपाउँदा ओझेलमा पर्नुपरेको ।

सामाजिक र धार्मिक वृत्तमा समर्पित सेविका तथा पारिवारिक वृत्तमा कुशल गृहिणी लीलादेवी श्रेष्ठको साहित्यिक प्रतिभा पहिलोपटक औपचारिक रूपमा नाटक विधाबाट प्रकट भएको छ । यसलाई प्रकट गर्ने श्रेय सौभाग्यवश शब्दयात्रा प्रकाशनले पाएको छ । शब्दयात्रा प्रकाशनबाट हरेक वर्ष पुरस्कार र विद्वत्‌वृत्ति समर्पण गर्नका लागि उहाँले र उहाँका श्रीमान् प्रा. केदारनाथ श्रेष्ठले अक्षयकोषको व्यवस्था गरिदिनुभएको छ । संस्थाले जसको स्नेह पाएको छ, उसैको प्रतिभालाई उजिल्याएर बाहिर ल्याउने माध्यम त्यही संस्थाले बन्न पाउनु धेरै खुसीको कुरो हो ।

नाटककार लीलादेवी श्रेष्ठको ‘अठोट’ नामक प्रस्तुत नाट्‌यकृति आफ्नो जन्मभूमिप्रति हरेक व्यक्तिको विशेष कर्तव्य हुन्छ भन्ने सन्देश दिन सक्षम छ । विभिन्न पात्र र घटनाहरूलाई कथावस्तुमा उन्दै कथानकलाई विकसित गराएर कतै पनि द्वन्द्व नदेखाईकन नाटकलाई सन्देशमूलक ढङ्गबाट अन्त्य गराइएको छ । यस नाटकको कथातन्तुले ‘अठोट’ नाउँलाई सार्थक पारेको छ ।

यस कृतिको प्रकाशनका लागि अक्षराङ्कन, शुद्धीकरण, साजसज्जा, आवरणसज्जा र मुद्रण कार्यका लागि आवश्यक सहयोग गर्ने सबैप्रति शब्दयात्रा प्रकाशन हार्दिक धन्यवाद ज्ञापन गर्दछ ।

**– हरि मञ्जुश्री**

अध्यक्ष : शब्दयात्रा प्रकाशन

# नाट्यक्रम


**१. पहिलो भाग** १३

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच)

**२. दोस्रो भाग** २४

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच / दृश्य छ /
दृश्य सात)

**३. तेस्रो भाग** ३५

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच / दृश्य छ)

**४. चौथो भाग** ४६

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच / दृश्य छ)

**५. पाँचौँ भाग** ५६

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच / दृश्य छ)

**६. छैटौँ भाग** ६६

(दृश्य एक / दृश्य दुई / दृश्य तीन /
दृश्य चार / दृश्य पाँच)

# अठोट
(नाटक)

●

लीलादेवी श्रेष्ठ

# पहिलो भाग

## दृश्य : एक

स्थान : सानो पसल
समय : साँझ-बेलुकी
पात्रहरू : मधु र दीपक

(मधु साँझबत्ती लिएर पसलमा निस्कन्छे ।
दीपकको प्रवेश हुन्छ ।)

दीपक : खाना खायौ मधु ?

मधु : अहँ ! तिमीले नि ? खायौ ?

दीपक : (हाँस्तै) नखाई त कसले दिन्छ भनेर हिँड्नु होइन र ?

(दुवै हाँस्छन् ।)

मधु : (मुढा दिँदै) बस न !

दीपक : (बस्तै) अनि भाइबहिनी र आमा खोइ त ?

मधु : भरखरै भान्सामा जानुभो ।

दीपक : तिमीचाहिँ पछि ?

मधु : के गर्ने त ! एकजनाले त पसल कुर्नैपर्‍यो क्यारे !

दीपक : (कुराको मोड फेर्दै) मधु ! म त पर्सि सहर जाने भएँ नि !

मधु : (छक्क पर्दै) किन जाने ?

दीपक : किन भन्ने ! पढ्न जाने ।

(मधु जिल्ल परेर हेरिरहन्छे ।)

दीपक : के हेरेकी ?

मधु :	केही होइन ।

दीपक :	(केही गम्भीर भएर) हेर न ! नवौँ कक्षासम्म त शिक्षकको अभाव हुँदाहुँदै पनि जसोतसो पढियो । अब त महापरीक्षा आउन लाग्यो । हाम्रो विद्यालयमा भने सधैँ अभाव छ । कुनै पनि विषयको सन्तोषजनक पढाइ भएन । सरर किताब हेर्‍यो, त्यही भट्यायो, गयो । बस् । नबुझेको कुरा सोध्यो भने उल्टै गाली खानुपर्छ ।

(मधु घुँडामा चिउँडो राखेर चुपचाप सुन्छे ।)

दीपक :	गाउँका पढेलेखेका र टाठाबाठाले सबै सहरै ताक्ने भएपछि बाहिरका मानिसहरू यहाँ आएर काम गर्न किन मान्थे, भन त !

मधु :	त्यो त हो !

दीपक :	त्यसैले अब यो एक साल जे-जस्तो दुःख भोग्नुपरे पनि सहरै पसेर पढ्ने निश्चय गरेको हुँ । भन त मधु ! तिमीलाई यो कुरा कस्तो लाग्यो ?

मधु :	(टाउको हल्लाउँदै) ठीक लाग्यो ।

दीपक :	तिमी पनि त जान्छ्यौ होला नि !

मधु :	कहाँ ?

दीपक :	पढ्न ।

मधु :	गएर कहाँ बस्ने ?

दीपक :	ल ! तिम्रो त मामाकै घर छ नि, होइन र ?

मधु :	घर मात्र भएर के गर्ने ? (मुख अँध्यारो पार्छे ।)

दीपक :	ल ! बस्ने ठूलो समस्या नै समाधान भएपछि अरू के चाहियो त ? आफूले त गएर डेरा खोज्नुपर्ने हुन्छ । बुझ्यौ त ? त्यो पनि पुग्नासाथ ।

मधु : (आँखा जुधाउँदै) कति सजिलोसँग भन्छौ हगि दीपक ? मामाको घर छ, अरू के चाहियो रे !

दीपक : हो त नि ! अरू के चाहियो ? (हाँसिदिन्छ ।)

मधु : (अर्कातिर दृष्टि फेर्दै गम्भीर भावमा) चाहिने कुरा त कति छन् कति दीपक ! त्यसमा पनि यो संसारमा सबैभन्दा ठूलो भूमिका खेल्ने पैसाको हामीलाई ज्यादै ठूलो अभाव छ दीपक !

(दीपक चुपचाप सुनिरहन्छ ।)

मधु : विधवा आमाले माया-ममता र आशीषबाहेक हामीलाई अरू केही दिन सक्तिनन् । (लामो सास फेर्दै) त्यसमा पनि ठूली भन्नु म नै भएँ ।

दीपक : (दु:खित भावमा) सरी मधु ! सायद मैले ... !

मधु : होइन-होइन । तिम्रो कुराले मन दुखाएकी होइन । बरू आफ्नै भाग्य देखेर दिक्क लाग्छ । जिन्दगीका आवश्यकता र अभावको कति हिसाब गर्नु !

दीपक : उसो भए तिमी के गर्छ्यौ त ?

मधु : के गर्ने ? जसरीतसरी यहीँ पढ्छु । पढाउनेको अभावमा पुस्तकसँग प्रश्न गर्छु र पुस्तकसँगै जवाफ खोज्छु । यसको विकल्प नै के छ र दीपक ?

दीपक : क्या हिम्मत छ मधु तिमीमा ! तिमीसँग कुनै किताबको कमी भए मसँग भएको तिमीलाई दिउँला । बरू के-के चाहिन्छ, भन ल !

मधु : तिमी त जाने भइहाल्यौ । राम्ररी पढ्नू । भएका किताबहरू छाडेर तिमीचाहिँ के पढ्छौ नि ?

दीपक : साथीहरूसँग छँदैछन् नि ! नभएको किनौँला ।

मधु : त्यसो होइन । बरू सक्छौ भने तिमीले पढेका किताब र स्कुलमा गराएका नोटहरू समय-समयमा नछुटाईकन पठाइदिए ज्यादै आभारी हुने थिएँ ।

दीपक : (गम्भीर मुद्रामा) जरुर पठाउने कोसिस गर्छु मधु ! तिम्रो भावना र हिम्मतलाई मेरो शुभकामना छ ।

●

## दृश्य : दुई

स्थान : मधुको पसल
समय : बेलुकी
पात्रहरू : आमा, उषा, उमङ्ग, दीपक र मधु

(भित्रबाट उषा र उमङ्गको पसलमा प्रवेश हुन्छ ।)

उमङ्ग : दिदी ! आमाले भन्नुभएको, भित्र जानु रे !

मधु : (उठ्तै) एकैछिन बस्तै गर है दीपक ! म खाना खाएर आउँछु ।

(मधु भित्र पस्छे । उषा र उमङ्ग दीपकसँगै बस्छन् ।
दीपक मौन भएर दुवैलाई हेरिरहन्छ ।)

उषा : (मौनता भङ्ग गर्दै) दीपक दाइ ! तपाईं आज किन नबोल्नुभएको ? हिजोको कुरा त्यसै छ ।

दीपक : के कुरा ? मैले त बिर्सें ।

उषा : अँ ! दाइ कस्तो हुनुहुन्छ !

दीपक : हो भन्या, साँच्चै बिर्सें । के कुरा ? भन त !

उषा : हिजोको कथा पूरा भएकै थिएन । आज भन्छु भनेको होइन त ? बाँकी सुनाउनुस् न !

उमङ्ग : हो त नि ! सुनाउनुस् न दाइ ! त्यसपछि त्यो चङ्खे स्याल कता गयो ?

(उषा र उमङ्ग जिद्धी गरिरहन्छन् ।
साडीको छेउले हात पुछ्तै आमा पसलमा प्रवेश गर्छिन् ।)

आमा : खाना खायौ दीपक ?

दीपक : खाएँ आमा !

आमा : (ल्वाङ मुखमा राख्तै) ल्वाङ खान्छौ ?

दीपक : भो आमा ! बाहिर निकै अँध्यारो भएछ । अब जानुपर्‍यो आमा ! (उठ्छ ।)

उषा-उमङ्ग : (हात समाउँदै एकै स्वरमा) नाइँ दाइ नाइँ ! पहिले कथा सिध्याउनुस् न ! नत्र जानै दिन्नौँ ।

(दीपक उभिएर हाँसिरहन्छ ।)

आमा : (गालीको भावमा) कति दुःख दिएका यिनीहरूले ? केको कथा ? भित्र गएर दुवैजना बसेर पढ । नत्र मेरो हात चिलाउँदैछ है फेरि !

(आमाको गालीले दुवै फुल्लिएर पसलमा बस्छन् ।)

आमा : (दीपकतिर हेरेर) बस न एकछिन ! केको हतार ! फेरि तिमी त सहर जान लागेछौ । अहिले मधुले भन्दा पो थाहा पाएँ ।

दीपक : (मुढामा बस्तै) हो आमा ! पर्सि हिँड्ने निर्णय भयो ।

आमा : तिमी एक्लै जाने कि साथीहरू पनि छन् ?

दीपक : हो आमा ! गोपी र जीवन पनि सँगै जाँदैछन् ।

आमा : (केही खिन्न हुँदै) बाबु ! बराबर आइरहन्थ्यौ । यसै घरको परिवारजस्तै लाग्थ्यो । अब त डाँडै काटेर जान लाग्यौ । हामीलाई पनि शून्य हुने भो ।

(आमाको कुराले दीपक गम्भीर बन्छ ।)

आमा : के गर्ने बाबु ! गरिब भएपछि सबैको हेला होइँदो रहेछ । कोही आफ्नो छैन ।

(मुख अँध्यारो पार्छिन् ।)

दीपक : के गर्ने त आमा ! जमानाअनुसार पढ्न-लेख्न सकिएन भने मानिस भएर पनि बाँदरको पुच्छरझैँ बेकामे जिन्दगी बाँच्नुपर्ने हुन्छ । फेरि समयमा केही गर्न सकिएन भने जिन्दगीभर पछुताउनुबाहेक ... ।

आमा : (कुरा काट्तै) हो बाबु हो ! आफ्नो भविष्य भनेको आफ्नै हातमा हुन्छ । जमानाले जता डोऱ्याउँछ, उतै लाग्न सके मात्र वेश हुन्छ ।

(चुलोधन्दा सकेर मधुको प्रवेश हुन्छ ।)

आमा : (मधुतिर हेर्दै) के गर्नु ! मधुलाई पनि पढ्न पठाउनु त पर्थ्यो नि ! मन मात्र भएर नहुने रहेछ । अभागीहरूको बाबु अघि लागिहाल्यो । खर्च ठेल्ने बाटो छैन बाबु ! (केही बेर सन्नाटा छाउँछ । खिन्न हुँदै चित्त बुझाउने भाकामा) जे होला नि ! भावीले लेखिदिएको कुरा भोग्नैपर्दो रहेछ ।

(गोपी र जीवन डुल्दै आइपुग्छन् ।
गोपी आँगनबाटै बोलाउँछ ।)

गोपी : ए दीपक ! घर जाने होइन ? जाने भए आइज है !

दीपक : (उठ्तै) ए, पर्खी । जानै लाग्या हो । गएँ आमा ।

(निस्कन्छ ।)

●

# दृश्य : तीन

स्थान : बाटो हिँड्दै
समय : बेलुकी
पात्रहरू : दीपक, गोपी र जीवन

(बाटोमा साथीहरू दीपकलाई जिस्क्याउँछन् ।)

गोपी : के छ दीपक ? निकै धाउँथिस् नि ! तँ त अब सहर जान लागिहालिस् । बिर्सन सक्छस् कि ?

जीवन : (सही थाप्तै) हो त नि हगि ! बिचरा ... च्व ... च्व ... ।

दीपक : (झर्केर) गजब छ बा ! बेबकुफहरू ! बोल्ने र जिस्कने पनि तरिका हुन्छ नि ! मुखमा जे आयो त्यही बोलिदिने ?

गोपी : (हाँस्तै) त्यति भन्दैमा रिसाइहाल्नुपर्छ त ? कि तँसँग ठट्टा पनि गर्न हुँदैन यार ?

दीपक : (गम्भीर भएर) रिसाउने कुरा हो वा होइन, आफैँ बुझ्न सक्छस् । मलाई त लाग्छ, इज्जतमा धक्का पुग्ने गरी जिस्कनु र जिस्क्याउनु पक्कै पनि राम्रो कुरा होइन ।

गोपी : (जिस्कँदै) बाबु ! गल्ती भएछ । प्रभु ! माफ पाऊँ ।

दीपक : (रिसाउँदै) भो-भो । बढी नहो ।

जीवन : (दुवैलाई हपार्दै) के कराइराखेका ? एकजना चुप लागे त भइहाल्यो नि !

(केही बेर चुपचाप हिँड्छन् । दीपकको घर आइपुग्छ ।)

दीपक : (अडिँदै) लौ त म बसेँ । भोलि भेटौँला ।

(दीपक घरतिर पस्छ ।
दुईजना दीपकका बारेमा गफ गर्दै बाटो लाग्छन् ।)

गोपी : होइन । आज यो दीपकलाई के भएको ? त्यसै रिसायो । यसरी त कहिले रिसाउँदैनथ्यो । अघि त्यसको मुड देखेर म त छक्क परेँ नि !

जीवन : हो त नि ! कस्तो आँखै निस्कने गरी हेऱ्या !

गोपी : मधु हाम्रो पनि त साथी हुन् । तर हामीलाई त्यस्तो केही लाग्दैन । अँ, हेर् जीवन, मलाई त अस्तिदेखि नै अलिअलि शङ्का लाग्न थालेको थियो ।

जीवन : कस्तो शङ्का ?

गोपी : कस्तो भन्नु ! लभ परेजस्तो छ ।

जीवन : (हाँस्तै) यो पनि अनेक भन्छ । हाम्रो उमेर प्रेम गर्ने बेला भा' छ र ?

गोपी : के हाँस्छस् ! हाम्रा काकाले काकीसँग प्रेम गरेर १५ वर्षमै ल्याउनुभएको रे ! त्यो त १६ पुगिसक्यो । हामी एकै सालका त हौँ !

जीवन : (गोपीको कुममा हात राख्तै) तँ त पक्का अनुभवी कुरा गर्छस् नि ! तँलाई पनि त्यस्तो प्रेमरोग त लाग्या छैन ?

गोपी : हेर न यसको कुरा ... !

जीवन : तँ जेसुकै भन् । अब त तँसँग पनि मलाई अलिअलि शङ्का लाग्न थाल्यो । बुझिस् ? तर कुरैकुरामा दीपकजस्तो नरिसाइहाल् है !

गोपी : (अडिँदै) ल ... रिसाउँदिनँ । भन् त कस्तो शङ्का ?

जीवन : (घचेट्तै) भइहाल्यो ... हिँड् ।

गोपी : (डेग नचलेर) नभनी घर जान पाउँदैनस् । चाँडो भन् । नत्र ... !

जीवन : (हाँस्तै) केही होइन । हिँड् न खुरुक्क !

गोपी : हेर् जीवन ! शङ्काले लङ्का जलाउँछ भन्ने उखान सुनेकै होलास् । फेरि मलाई त सानो कुराले पनि रातभर निद्रा लाग्दैन ।

जीवन : त्यसो हो भने यो ठट्टालाई यहीँ समाप्त गरिदे । आइन्दा तँलाई पीर पर्ने कुरा कहिल्यै गर्दिनँ । अब त भो ?

●

## दृश्य : चार

स्थान : कोठा
समय : राति
पात्र : दीपक

(कोठामा बसेर लालटिन सानो पारेर खाटमा पल्टन्छ । निदाउने प्रयत्न गर्छ तर निद्रा पर्दैन । छटपटिन्छ ।)

दीपक : (मनमनै) आज मलाई के भयो ? मेरो निद्रा कहाँ भाग्यो ? साँच्चि, मधुकी आमाको बोलीमा कति दर्द र पीडा थियो ! बिचरी मधु ! परिस्थिति र अभावमा पिल्सिएर बाध्यतासँग सम्झौता गर्दै भन्थी, 'यहीँ मिहिनेत गर्छु ।' उफ् ! आज यिनीहरूको दीनहीनताले मलाई किन भित्रभित्रै दुखाइरहेछ ?

(कोल्टे फेर्दै सम्झन्छ ।)

मलाई बाटोमा गोपीले के भन्न खोजेको ? 'सहर जान लागिस्, बिर्सन सक्छस् कि ?' भन्छ । साँच्चै, म हरेक साँझ मधुको घर एकछिन पुग्न पाइनँ भने छटपटाउँछु । फेरि मलाई त्यो परिवारको यति धेरै माया किन लाग्छ हँ ?

(ऊ पुनः उत्तानो पर्छ र छटपटीमै निदाउँछ ।)

●

# दृश्य : पाँच

स्थान : पसल, कोठा
समय : राति
पात्र : मधु र आमा

आमा : (पसलका ढोकाहरू लगाउँदै) मधु ! भाइबहिनीलाई ठाउँमा लगेर सुताइदे त ! यिनीहरूलाई केही भन्न हुँदैन, रिसले भुइँमा नै निदाएछन् ।

(भाइबहिनीलाई बोकेर बिछ्यौनामा सुताइदिन्छे । आमा पनि कोठामा आउँछिन् ।)

आमा : तँ पनि सुत् ।

मधु : आमा पनि सुते हुन्न ?

आमा : निद्रा लागेको छैन । एकछिन बत्ती कातेर सुत्नुपर्ला ।

मधु : उसो भए म पनि एकै छिन बत्ती कात्न सिक्छु है आमा ?

आमा : किन ? निद्रा लागेको छैन ?

मधु : अहँ ... !

आमा : उसो भए लौ त बस् । (कपास दिँदै) रुवा खेर नफाल्नु नि ! बिस्तारै-बिस्तारै बटार्दै तान्नू ।

मधु : (कपास लिएर बत्ती कात्ने प्रयास गर्छे, तर सक्तिनँ । टुक्रा-टुक्रा भएको कपास डल्ला पार्दै) आमा ! खै, हुँदैन त !

आमा : (छोरीको कपास लिँदै) लौ, सबै बिगारिछे । गर्छु मात्र भनेर कहाँ हुन्छ ? जेसुकै गर्न पनि बुद्धि र लगनशीलता चाहिन्छ बाबै ! (कातेर देखाउँदै) यीः यसरी बिस्तारै-बिस्तारै बटार्दै तान्दै गर्ने, लम्बाइ पुगेपछि औँलाहरूमा यसरी फन्को मार्ने र झिकेर बटार्ने । (तयारी बत्ती देखाउँदै) लौ, भइ त हाल्यो ! यसै गर्नू ।

(मधु बत्ती बनाउने प्रयासमा लागिरहन्छे ।
केही क्षण दुवै मौन हुन्छन् ।)

आमा : (छोरीलाई हेर्दै) मधु ! मलाई आज दीपकको किन होला असाध्यै माया लागिरहेछ । ऊ सहर जाने भन्दा कस्तो नराम्रो लाग्यो । बरा ! हाम्रो घर बराबर आइरहन्थ्यो ।

मधु : हो नि ! ऊ हुँदा कति नयाँ कुराहरू सुन्न पाइन्थ्यो । फेरि मसँग नभएका किताबहरू उसैसँग भएकाले ल्याएर पढ्थेँ । अब कोसँग माग्ने होला ?

(यस्तैमा चुलोमा भाँडाहरू खसेको आवाज आउँछ ।)

आमा : (झस्कँदै) आम्मै नि ! के हँ ? (लाल्टिन बोकेर भान्सातिर दौडिन्छिन् । बिरालो निस्केर भाग्छ । अनि फर्किन्छिन् ।) लौ ! बिरालो पो रहेछ । ढोका लगाउनुभन्दा अगाडि राम्ररी हेर्नुपर्थ्यो नि ! सबैतिर आफैँले नहेरी हुन्न । (फत्फताउँदै ढोका बन्द गर्छिन् । बिछ्यौनामा पल्टँदै ।) लौ अबेर भो, सुतौँ । बत्ती निभाएर सुत् है !

मधु : (बत्ती निभाएर भाइबहिनीको छेउमा पल्टन्छे । पटक्कै निद्रा लाग्दैन । छटपटीमा निकै समय बित्छ । मस्त निदाएका भाइबहिनी र आमाको घुराइ सुनेर मनमनै कुरा गर्छे) छिः किन निद्रा नलागेको होला ! रात धेरै बितिसक्यो । आमा घुर्न थाल्नुभो । भाइबहिनी पनि मस्त निद्रामा छन् । मलाई मात्र के भो ? बरू एकछिन पढेकै भए पनि हुने थियो । बत्ती निभाइहालेँ । भोलि त दीपकको अङ्ग्रेजीको किताब फिर्ता दिनुपर्ने ! (दीपक जाने कुरा सम्झेर मुटु चस्स दुख्छ) उफ् ! यो मुटु किन दुखेको होला ?

(लामो सास लिँदै कोल्टे फर्किन्छे ।)

●

# दोस्रो भाग

## दृश्य : एक

स्थान : दीपकको कोठा
समय : बिहान
पात्रहरू : दीपक, दीना

(दीना चिया लगेर कोठामा प्रवेश गर्छे ।)

दीना : (निदाइरहेको दाजुको छेउमा गएर) दाजु ... ! यस बेलासम्म पनि किन नउठ्नुभएको ? अबेर भएन ? लौ चिया पिउनुस् ।

(छेउमा राखिदिन्छे ।)

दीपक : (घडी हेर्दै) आम्मै नि ! ७ बजिसकेछ । अघि नै उठाएकी भए हुन्थ्यो नि ! आज धेरै काम थियो । कस्तो निद्रा लागेछ ! (हाइ गर्दै आङ तान्छ ।)

दीना : अघि बनाएर ल्याएको चिया त फेरि तताएर ल्याएको नि !

दीपक : के रे ? अघिको चिया रे ?

दीना : (हाँस्तै) हो त नि ! टेबुलमा चिया राखेर उठाएर गएकी, फेरि निदाउनुभएछ ।

दीपक : (चिया पिउँदै) हेर न दीना, आज म पटक्कै निदाउन सकिनँ । बिहान भाले बासेकोसम्म थाहा छ, त्यसपछि, कुन बेला निदाएँ, थाहै भएन ।

दीना : किन होला दाइ ? (छेउमा बस्तै) सन्चो भएन कि ?

दीपक : त्यसो होइन । सन्चै छु ।

दीना : उसो भए घर छोडेर सहर जाने दिन नजिक आएकाले होला, हगि दाजु ?

दीपक : (कमिजको टाँक लगाउँदै) सायद ठीक भन्दैछेस् दीना !

दीना : भोलि तपाईंसँग अरू साथीहरू पनि जाँदैछन् भन्या होइन ?

दीपक : हो । गोपी र जीवन मसँगै जान्छन् । हरि र दीर्घ २-४ दिनपछि आउने रे ! पुष्पको चाहिँ जाने-नजाने आज टुङ्गो लाग्छ ।

दीना : ए ... ! पुष्प दाइ पनि सँगै जाने हो ?

दीपक : त्यसै भन्थ्यो, हेरौँ !

दीना : तर उसका बुबा निकै बिरामी हुनुहुन्छ भनेर उसकी बहिनी पूर्णाले मसँग स्कुलमा भनेकी थिई ।

दीपक : (छक्क पर्दै) हो र ? मलाई त केही थाहा भएन । अहिले बिहान पुष्पेकहाँ नै जानु थियो । (जुत्ता लगाउँदै) लौ त, म एकछिन पुगेर आउँछु । (हिँड्छ । ढोकामा पुगेर फर्कंदै) दीना ! मेरा किताब र लुगाहरू सबै मिलाएर राखिदे है बहिनी !

(निस्कन्छ ।)

●

## दृश्य : दुई

स्थान : बाटो
समय : बिहान ८ बजे
पात्रहरू : दीपक र गाउँले काका

(पुष्पको घर हिँडेको दीपकको भेट एक गाउँले काकासँग हुन्छ ।)

गाउँले : कता हिँड्यौ दीपक ?

दीपक : त्यहीँ परसम्म काका !

गाउँले : घरतिर सबै सन्चै छन् ?

दीपक : सन्चै छन् काका ! अनि काकाचाहिँ कता पुगेर नि ?

गाउँले : पर कृष्ण दाइकहाँ । हिजो झाडाबान्ताले झन्डै टिप्यो नि ! बेलुकी नै स्वास्थ्य चौकी पुऱ्याएर रातभरि रुङ्नुपऱ्यो । तिमीलाई थाहा भएन कि कसो ?

दीपक : (छक्क पर्दै) हो र काका ? खोइ त थाहा भएन ! अनि कस्तो छ काका ?

गाउँले : अहिले त धेरै राम्रो छ । त्यसैले घर फर्केको ।

दीपक : अनि कृष्ण काका अहिले स्वास्थ्य चौकीमा हुनुहुन्छ कि घरमा काका ?

गाउँले : स्वास्थ्य चौकीमै छ । दिउँसोतिर घर ल्याउने रे !

दीपक : काकासँग भेट भएको पनि राम्रै भो । लौ त काका, म पनि एकछिन स्वास्थ्य चौकीतिर जान्छु ।

(दुवै आ-आफ्नो बाटो लाग्छन् ।)

●

## दृश्य : तीन

स्थान : स्वास्थ्य चौकी
समय : बिहान ८:३० बजे
पात्रहरू : दीपक, पुष्प, पूर्णा, कृष्ण (बिरामी)

(कृष्ण ओछ्यानमा निदाइरहेको हुन्छ । पुष्प र पूर्ण छेउमा बसेर यताउति स्याहार्दै हुन्छन् । यस्तैमा दीपकको प्रवेश हुन्छ ।)

दीपक : (दुःख प्रकट गर्दै) पुष्प ! बालाई अहिले कस्तो छ ? यहाँ ल्याएछौ । मलाई पनि त खबर गरेको भए हुन्थ्यो नि !

पुष्प : हिजो कस्तो आपत पऱ्यो ! मलाई त केही होसै भएन । (बाबुको मुखमा हेर्दै) अहिले त धेरै ठीक हुनुभो । हिजो त

सबैले माया मारिसकेका थिए । धन्य हाम्रो भाग्य रहेछ दीपक !

दीपक : काकाको स्वास्थ्यलाभ भएकोमा ज्यादै खुसी छु पुष्प ! धन्य हो, समयमै बुद्धि पुऱ्याएर ल्याएछौ ।

पुष्प : पूर्णा, त्यो टुल दे न दीपकलाई !

दीपक : भइहाल्यो । पर्दैन । (पूर्णा टुल ल्याएर राखिदिन्छे ।)

पुष्प : बस न एकछिन ।

दीपक : (बस्तै) अँ, पुष्प । हामी भोलि नै सहर हिँड्ने भयौँ । तँ के गर्छस् त ?

पुष्प : (अँध्यारो मुख पार्दै) के गर्नु ? तैँ भन्न । देखिहालिस्, यस्तो अवस्थाको बालाई छोडेर कसरी जानु ?

दीपक : हो नि ! जान पनि हुँदैन । अलि ठीक भएपछि आए भइहाल्छ । कसो ?

पुष्प : त्यसै गर्नुपर्ला ।

दीपक : (बिरामीतिर हेर्दै) काका निदाइराख्नुभएको होला । उहाँसँग एकपटक बोलेर जान पाए हुन्थ्यो !

पुष्प : (बाबुलाई बिस्तारै उठाई दीपकतिर हेर्दै) निदाइराख्नुभएको छ । उठाइदिऊँ ?

दीपक : (उठ्तै) भो-भो, पर्दैन । निदाउन दे । निद्रा परेको राम्रो भन्छन् । बरू भ्याएँ भने साँझतिर घरमै निस्कन्छु । तैपनि ब्युँझनुभएपछि म आएको भनिदे ल !

(पुष्प चुपचाप स्वीकारोक्तिमा टाउको हल्लाउँछ ।)

दीपक : एकपटक जीवन र गोपीकहाँ पनि पुग्नुछ । अब यतैबाट दुवैको घर निस्केर जानुपर्ला । ल त पुष्प, गएँ है !

(निस्कन्छ । पुष्प दीपक गएतिर हेरिरहन्छ ।)

●

## दृश्य : चार

स्थान : बाटो
समय : बिहान ९ बजे
पात्र : दीपक

(दीपक स्वास्थ्य चौकी हुँदै गोपीको घरतिर लाग्छ । बाटोको एक्लोपनमा आफ्नो गाउँको चारैतिर हेर्दै स्वच्छ वातावरण र शान्त प्रकृतिमा रम्दै मनमनै कुरा गर्छ ।)

दीपक : भोलि त यस बेला यो गाउँ छाडेर कहाँ पुगिने हो ! आफन्त सबै यहीँ छाडेर परदेशी हुने भइयो । आजसम्म घर छाडेर एक रात पनि कतै बास बसेको छैन । आमाको न्यानो माया र बहिनीको मीठो स्नेहबाट म वञ्चित हुन आँटेँ । एक वर्ष बिताउनु कसरी ? उफ् ... !

(भावविह्वलतामा दीपकको आँखामा आँसु भरिन्छ । औँलाले आँसु टिप्तै सुकाउने प्रयासमा एकछिन रूखको फेदमा टक्क अडिन्छ र फेरि बिस्तारै-बिस्तारै बाटो लाग्छ ।)

●

## दृश्य : पाँच

स्थान : गोपीको कोठा
समय : बिहान ९ बजे
पात्रहरू : दीपक र गोपी

(गोपी लुगा र किताबहरू मिलाउने तरखरमा छ । दीपक केही बेर ढोकामा चुपचाप उभिएर हेरेपछि औँलाले आवाज दिन्छ ।)

दीपक : टक-टक ... टक-टक ... ।

गोपी : (एकाग्रताबाट झस्कँदै) हत्तेरी ! साह्रै तर्सें नि हौ ! आइज न भित्र ! जीवन पनि यहीँ थियो, भरखरै गयो ।

दीपक : (पस्तै) के गर्दै थिइस् ?

गोपी : हेर् न । लुगा र किताबहरू बटुल्दैछु ।

दीपक : जीवन कता लाग्यो ? उसलाई पनि सामानहरू सबै तयार गरिराख् भन्नुपर्थ्यो । भोलि त बिहानै हिँड्नुपर्छ ।

गोपी : भनेको छु । अँ ... तैँले थाहा पाइस् ?

दीपक : के कुरा ?

गोपी : हिजो पुष्पेको बाबु झन्डै खुस्केको नि ! बेलुका स्वास्थ्य चौकी पुऱ्याएर हामी पनि रातभर त्यहीँ बस्यौँ । अहिले बिहान त घर आएको ! (हाइ गर्दै) राम्ररी सुत्न नपाएकाले कस्तो निद्रा लागिरहेछ ।

दीपक : अँ, मैले त अहिले बिहान मात्र थाहा पाएँ । अहिले काकालाई हेरेर त्यतैबाट आउँदैछु ।

गोपी : अझै सलाइन पानी चढाइराखेकै छ ?

दीपक : अहँ, छैन । काका निदाइराख्नुभएको रहेछ । दिउँसोतिर घर ल्याउने रे !

गोपी : सबैको प्रयासमा एउटा स्वास्थ्य चौकी स्थापना भएकाले सानोतिनो रोगको उपचार समयमै उपलब्ध भयो । नत्र कस्तो गाह्रो पर्ने थियो ! (सन्तोष व्यक्त गर्दै) जे होस्, कृष्ण काकाले पुनर्जन्म पाए भन्दा हुन्छ ।

दीपक : हो नि गोपी ! हेर् न, हाम्रै आफन्तहरू पनि कतिजना डाक्टर, इन्जिनियर, प्रोफेसर र नर्स भइसकेका छन् । तर के गर्नु ! आफ्नै व्यक्तिगत उन्नति, प्रगति र पैसा कमाउने चाहनाले गर्दा कसैले पनि यो गाउँको माया गर्न सकेनन् । सबै आ-आफ्ना धुनमा दौडिरहे । कसैलाई पछाडि फर्केर हेर्ने फुर्सद भएन । (लामो सास फेर्छ ।)

गोपी : यो कस्तो कुरा गर्छ ! त्यत्रो पढेलेखेर ज्ञान र अनुभव बटुलेका व्यक्तिहरू यो सानो गाउँमा आएर के गर्नु ? तँ आफैं सोच् त ! न कुनै सुविधा छ, न केही साधन ।

दीपक : (अलिकति हाँसेर) तँ पनि यसै भन्छस् ।

गोपी : मेरा काकाले भन्नुभएको, यहाँ भएको हेल्थ असिस्टेन्ट त आउन नमानेर कस्तो रे !

दीपक : (गम्भीर बन्दै) यही त अप्ठेरो छ गोपी ! सायद तँ पनि पछि गएर केही भइस् भने आफ्नो सुखसुविधा खातिर अहिले यति प्यारो लाग्ने गाउँघरलाई अरूले जस्तै सधैँलाई बिर्सन सक्छस् होला, हगि ?

गोपी : (हाँस्तै) उस् ... । तँचाहिँ कतै जाँदैनस् ?

दीपक : (दृढ भावमा) जान्छु । तर फर्केर यहीँ आउँछु । (गोपी दीपकको मुखमा हेरेर व्यङ्ग्यात्मक भावमा मुस्काउँछ ।) सुविधा र साधन भनेको त आवश्यकताअनुसार आफैँले जुटाउने कोसिस गर्नुपर्छ । आफ्नो पीरमर्का अरूले बुझ्दैन भाइ ! आफ्नो समस्या समाधान गर्ने बाटो त आफैँले खोज्नुपर्छ ।

गोपी : (केही झर्कंदै) यो त जुनसुकै कुरामा पनि अति भावुक बन्न खोज्छ ! जे कुरामा पनि तर्कवितर्क ! योसँग त कुरै गर्नु बेकार छ । (दीपक चिउँडोमा हात राखेर सुनिरहन्छ ।) सायद पछि गएर साहित्यकार बन्छस् होला, सधैँ भावनामा डुबिरहने ।

दीपक : (हाँस्तै) अड्कल ठीक भएन तेरो ।

गोपी : तँ ... के बन्छस् त ? नेता ?

दीपक : त्यो पनि मिलेन ।

गोपी : उसो भए डाक्टर, प्रोफेसर, इन्जिनियर वा वक्ता के बन्छस् ?

दीपक : (दृढ भएर) डाक्टर ।

गोपी : हँ ? डाक्टर ? (हाँसिदिन्छ गोपी ।)

दीपक : (गम्भीर भएर) हो गोपी ! म डाक्टरी पढेर फर्केपछि यही गाउँमा बसेर सेवा गर्नेछु । यहीँ म जन्मेँ, हुर्के, खेलेँ अनि बढेँ । म यो माटोको ऋण तिर्नेछु ।

(गोपी चुपचाप सुनिरहन्छ ।)

दीपक : (सम्झाउँदै) गोपी ! सक्छस् भने तँ पनि यही प्रण गर् कि पछि आएर ... ।

गोपी : (कुरा काट्तै) दीपक ! तेरो विचार र भावना मैले कहिल्यै बुझ्ने कोसिस गरिनँ । खालि ख्यालठट्टामा उडाइरहेँ । तर आज तेरो यो मार्मिक शब्द र दृढ सङ्कल्प देखेर मभित्र पनि केही चेतना र जागरणका लहरहरू सलबलाउन थालेका छन् । हामीजस्ता युवाहरूले चाह्यौँ भने जे पनि हुन सक्छ । बरू यस्तो कुरामा हामीले अरू साथीहरूलाई पनि बेलैमा सचेत गराउनुपर्छ, बुझिस् !

दीपक : (खुसीले गोपीलाई धाप दिन्छ) धन्यवाद गोपी ! तँलाई मेरो शुभकामना ! लौ त अहिले जान्छु । सामान बोक्नका लागि गोरेलाई पनि खबर गर्नुछ ।

गोपी : (हात समाउँदै) बस् न एकछिन ! चिया पिएर जा ! (भित्रतिर हेर्दै) आमा ! ए आमा !

दीपक : भो-भो पर्दैन । पिएरै आएको । फेरि म चिया धेरै पिउँदिनँ क्या !

गोपी : (छाडिदिँदै) उसो भए जा त !

(दीपक निस्कन्छ र मधुको घरतिर लाग्छ ।)

•

## दृश्य : छ

स्थान : भान्सा कोठा
समय : बिहान ११ बजे
पात्रहरू : मधुको परिवार र दीपक

(आमा खाना पस्कँदै हुन्छिन् । मधु पानी सार्दै गरेकी हुन्छे । उषा र उमङ्ग पिर्कामा बसिरहेका हुन्छन् । यस्तैमा दीपकको प्रवेश हुन्छ ।)

दीपक : (ढोकामा उभिएर) खानाको तयारीमा हो आमा ?

आमा : ए, दीपक ! ठीक समयमा आएछौ बाबु ! झन्डै मुख जुठो गरिसकेका ! (दीपक हाँसिरहन्छ ।) खाने बेलाको पाहुना त जाति भन्छन् नि ! लौ, मीठो-नमीठो जस्तो भए पनि आज यहीँ खाऊ है ! बस । (पिर्का दिन्छिन् ।)

दीपक : (हिँड्न खोज्दै) होइन आमा ! म त एकै छिन पसेर जाऊँ भनेर मात्र निस्केको ! गइहाल्छु । (हिँड्छ ।)

उषा-उमङ्ग : (दौडँदै हात समातेर) दाइ ! हामीकहाँ खाँदा के हुन्छ त ? बस्नुस् न ! हामी पनि तपाईसँगै खाने । (तान्दै जिद्धी गर्छन् ।)

आमा : खाना पस्किसकेँ । पस्केको खाना छाड्नु हुँदैन बाबु ! पाप लाग्छ रे !

मधु : (खुसी भावमा आग्रह गर्दै) बस न त ! यहाँ खानु हुँदैन र ? कि जात जान्छ ?

दीपक : हुन त किन नहुनु नि !

मधु : अनि बस न त !

दीपक : (अन्यमनस्क हुँदै) घरमा पाकेको भातचाहिँ कसले खाइदिन्छ ? फेरि म नगएसम्म आमा र बहिनी कुरी बस्छन् ।

मधु : (हाँस्तै) उसो भए अलिकति यहाँ खाऊ, बाँकी घर गएर खाऊ । सबैको चित्त बुझिहाल्छ नि ! हुन्न ?

(सबै हाँस्छन् ।)

आमा : हो बाबु ! अगाडि आएको गाँसको उपेक्षा गर्नु हुँदैन । जति रुच्छ, खाऊ ।

(खाना राखिदिन्छे । सबै खान बस्छन् ।)

●

## दृश्य : सात

स्थान : दीपकको घर
समय : दिनको १२ बजे
पात्रहरू : दीपक र आमा

(दीपक ढिलो समयसम्म खान नआएकाले तल र माथि, भित्र र बाहिर गर्दै छटपटाइरहेकी हुन्छे । यस्तैमा दीपकको प्रवेश हुन्छ ।)

आमा : (रिसाउँदै) यति बेलासम्म कहाँ गएको ? खाने बेलामा पनि थाहा लाग्दैन कि कसो ?

दीपक : (नम्र भएर) होइन आमा ... !

आमा : (बीचैमा) केको होइन ? अब तँ सानो छैनस् नि ! परदेश गएर पनि यसै गरिस् भने पैसा तिरे पनि अर्काले त पर्खेर बस्तैन नि ! (ममता भरिएको आवाजमा) म त आमा भएर पो ! छोराछोरीले नखाएसम्म रुच्तैन । तर अर्काको ठाउँमा त गाह्रो हुन्छ बाबै ! समय ख्याल राखेर काम गर्ने गर्नू । भोकभोकै बसेको कुरा सुन्नु नपरोस् । (दीपक चुपचाप सुनिरहन्छ । (हिँड्दै) लौ हिँड् भान्सामा । खाना चिसो भइसक्यो ।

दीपक : (अन्कनाउँदै) आमा ! साथीको करकापले गर्दा खाना उतै खाएँ । त्यसैले ढिलो भएको हो । रिसानी माफ होस् ।

आमा : (अडिँदै) यो के भन्छ ? खुरुक्क आइज ।

दीपक : हो आमा ! बरू हजुरले खाइसक्नुभएपछि भोलि बाटोका लागि अलि खाजा-सामलको व्यवस्था गरिदिनुस् है ! भोलि त गोपी र जीवन सबेरै आइपुग्छन् ।

आमा : सामान बोक्न कसलाई भनिस् ?

दीपक : गोरे दाइलाई टुङ्गो गरेँ । (यताउति हेर्दै) आमा ! दीना खोइ त ? एक-दुईवटा भेस्ट अलि मैलो थियो, धोइदिन्छे कि ?

आमा : तँलाई नै खोज्न पठाएकी छु । जीवनकहाँ पुगी कि दीर्घकहाँ । अहिले आएपछि भनिदिउँला । (फतफताउँदै) दुइटा भएका सन्तानमा पनि कहिले को छैन, कहिले को !

(भान्सातिर लाग्छिन् ।)

●

# तेस्रो भाग

## दृश्य : एक

स्थान : दीपकको घर, कोठा
समय : बिहान सबेरै
पात्रहरू : आमा, दीपक, दीना र गोरे

(बिहान भाले बासेको आवाज आउँछ ।
आमा उठेर कुचो लगाउँछिन् ।)

आमा : (छोरीलाई उठाउँदै) दीना ... ! उठ् त !

दीना : (कोल्टे फेर्दै) नकराउनुस् न आमा ! उँ ... अँ ... ।

आमा : (ओड्ने तान्दै) उठ् न ! तेरो दाजुका साथीहरू आइपुग्ने बेला भो । मुख धोएर पूजासामान तयार गर् । म सगुन बनाउँछु ।

दीना : (टाउको उठाएर बाहिर हेर्दै) उज्यालो त भएको छैन । आमा पनि ! (फेरि भाले बासेको आवाज)

आमा : भाले कुखुरोले के भन्दैछ सुनिस् ? तिमीहरू त पढ्नुपर्ने मान्छे । आज मात्र नभएर सधैँ नै चाँडो उठ्ने बानी बसाल्नुपर्छ । लौ-लौ, बिछ्यौना छाड्, अल्छे ! दीना उठेर बिछ्यौनामा चुपचाप टोलाएर बस्छे ।) ए, सुनिनस् ?

दीना : सुनेँ ।

आमा : अनि केको साइत हेर्दैछेस् त ?

दीना : (यताउति हेर्दै) आमा ! दाजु उठ्नुभो ?

आमा : अहँ । जा गएर उठा । ढिलो होला । (पूर्वमा झिसमिसे उज्यालो हुन्छ । दीना उठेर दीपकको कोठामा पस्छे र मस्त निदाइरहेको दाजुको छेउमा बस्छे । बोली फुट्तैन ।

लैजान छुट्याएको सुटकेस र सामानतिर नियास्री भएर हेर्दै आँसु झार्छे । यस्तैमा आमाको आवाज आउँछ ।) दीना ! ए दीना !

दीना : हजुर !

आमा : खै, दाजुलाई उठाइस् ? (दीना नबोली घोसेमुन्टो लगाएर आमाको छेउ आएर उभिन्छे । छोरीको मुख हेर्दै) रोएकी ? दीना झन् खुलस्त भएर सुँकसुकाउँछे । आमाको आँखा पनि आँसुले भरिन्छ । आँसु पुछ्तै दीपकको कोठामा पस्छिन् । लैजान छुट्याएका सामानहरू देखेर भक्कानो फुट्छ । धैर्य गरेर छोराको छेउमा बस्छिन् । टाउको सुमसुम्याउँदै) दीपक ! ए दीपक ! उठ् बाबु, उज्यालो भो । (दीपक आँखा खोलेर पुलुक्क आमाको मुखमा हेर्छ, आमाको हात समाएर आफ्नो छातीमा राख्छ र पुनः आँखा बन्द गर्छ । लाग्थ्यो घर छाड्ने पीरले दीपक रोएछ, आँखाहरू फुलेका थिए । मायालु भावले भन्छिन्) बाबु ! किन यसो गरेको ? लौ उठेर मुख धोऊ र तयार होऊ ।

दीपक : (आमाको काखमा टाउको राख्तै) आमा ! मेरो पीर नगर्नुस् है ? बरू बहिनी र तपाईं मात्र हुनुहुन्छ, घरमा राम्ररी बस्नुस् । केही दिनपछि बुबा पनि छुट्टीमा आउनुहुन्छ । मसँग चाहिँ भेट नहुने भो हगि आमा ?

आमा : हेर बाबु ! बाबा भनेको घरको मान्छे हो । यसपटक नभए अर्को छुट्टीमा भेट भइहाल्छ । तर परदेश भनेको घरजस्तो हुँदैन बाबु ! सबैसँग नम्र भएर बोल्नू, साथीविना जथाभावी एक्लै नहिँड्नू । परदेशको परिवार नै साथी हो । मीठो-नमीठो जस्तो हुन्छ, आफैँ पकाएर खाने गर्नू । अल्छी भएर बाहिरतिरको बासी र सडेको खाना कहिल्यै नखानू नि ! बुझिस् ?

दीपक : (उठेर बस्तै) बुझेँ आमा !

आमा : राम्ररी पढ्नू । साथीभाइसँग झगडा नगर्नू । समय-समयमा चिठीपत्र पठाइरहनू । तैँले खर्चको पीर गर्नुपर्दैन । तर नचाहिने खर्चबाट बच्ने गर्नू है ! (यस्तैमा गोरे डोको लिएर आइपुग्छ ।) ए, आइपुग्यौ गोरे ?

गोरे : (डोको राख्तै) हजुर !

आमा : (खाटबाट उठ्तै) लौ, छोराहरू बाहिर पढ्न जान लागे । राम्ररी पुऱ्याएर आउनू । (सामान देखाउँदै) सामान त्यही हो, मिलाएर राख ।

गोरे : भइहाल्छ नि ! म भएपछि हजुरले धन्दै मान्नुपर्दैन ।

आमा : (दीपकसँग) लौ बाबु ! मुख धो । साथीहरू पनि आउने बेला भो ।

(कोठाबाट निस्कन्छिन् ।)

दीपक : (लुगा लगाउँदै) गोरे दाइ ! गोपी र जीवनको सामान के गर्ने ?

गोरे : (भारी मिलाउँदै) लिएर आइसकेँ । उनीहरू पनि आउनै लागेका छन् । बाबु पनि चाँडो गर्नुस् ।

दीपक : म तयार भइहालेँ । बरू सामान मिलाइसकेको भए तिमी हिँड्दै गरे हुन्छ नि !

(गोरे भारी बोकेर निस्कन्छ । दीपक जानका लागि तयार हुन्छ ।)

आमा : (टीका लगाइदिँदै) चिरञ्जीवी हुनू । चिताएको काम पूरा होस् । आफ्नो लक्ष्यमा सधैँ अडिग रहनू । (दीपक आमाको पाउ छुन्छ । टाउको उठाउँदै) भाग्यमानी हुनू । आफ्नो स्वास्थ्यको राम्रो ख्याल राख्नू ।

(जीवन र गोपी आइपुग्छन् । दीपक पनि साइत गरेर निस्कन्छ । तीनैजना बाटो लाग्छन् । दीना र आमा आँसु बगाउँदै हेरिरहन्छन् र आँसु पुछ्तै घरभित्र पस्छन् ।)

●

# दृश्य : दुई

स्थान : खोलाको बगर
समय : बिहानको खाने बेला
पात्रहरू : दीपक, गोपी, जीवन र गोरे

(तल फेदीमा पुगेर खानाको तयारीमा लाग्छन् ।)

दीपक : गोरे दाइ ! भारी खोलेर खाने सामान झिक त ! के-के छ, हेरौँ ।

जीवन : (उठ्तै) गोरे दाइ ! पर्ख । म आफैँ ल्याउँछु ।

(भारी खोल्न जान्छ ।)

गोपी : नत्र ... ! चिउरा र अन्डा पनि छ । त्यही खाए हुन्न ?

जीवन : (पोको खोल्दै) भइहाल्यो, त्योचाहिँ भरे खाजामा खाने । (सबैलाई भाग लगाएर) ल, आ-आफ्नो भाग समाओ । अबेर गरेर बस्नु हुन्न ।

दीपक : गोरे दाइ ! एक जर्किन पानी ल्याएर बस है !

(अरू खान थाल्छन् । गोरे जर्किनमा पानी लिएर आउँछ र खान बस्छ ।)

गोरे : (खाइसकेपछि) जाऊँ बाबु हो ! नत्र भरे बास भेट्न गाह्रो हुन्छ ।

गोपी : हिँड दाइ हिँड । हामी आइहाल्छौँ ।

दीपक : (गोरेसित) बाटो देखाउने तिमी नै हौ । अघि लाग ।

जीवनः पुष्पे आउन पाएन, नत्र त्यो दुईपटक आइसकेको थियो । त्यो भए यताउति हिँड्न, घुम्न धेरै सजिलो हुने थियो ।

दीपक : के भो र ! मान्छेकै बस्तीमा जाँदैछौँ । सोधपुछ गरेपछि थाहा भइहाल्छ नि !

गोपी : मेरा मामा पनि हालसालै सुब्बामा बढुवा भएर त्यही मालअड्डामा सरुवा हुनुभएको छ । सायद हाजिर भइसक्नुभो होला ।

जीवन : (खुसीको भावमा) हो र ? झनै वेश भो । पुग्नासाथ सोधीखोजीको पहिलो काम यही हुने भो ।

दीपक : लौ त हिँडौँ ।

(सबै उठेर बाटो लाग्छन् ।)

●

## दृश्य : तीन

स्थान : सानो चिया पसल
समय : साँझ
पात्रहरू : दीपकका साथीहरू, गोरे र चियापसल्नी साइँली

(साइँली ग्लास सफा गर्दै हुन्छे ।)

गोरे : (भारी बिसाउँदै) के छ साइँली ? चिया सकियो कि कसो ?

साइँली : (हाँस्तै) ए गोरे दाइ ! धेरै पछि मात्र देखियौ नि ?

गोरे : (पसिना पुछ्तै) भन्छ्यौ नि ! कर नपरे त यो भुक्तमान सहेर को हिँड्छ र ? (केटाहरूसित) बस न, थकाइ मार । (सबै बस्छन् ।) साइली साहुनी ! चार कप चिया मीठो पारेर बनाइदेऊ न !

साइँली : (चिया तताउँदै केटाहरूतिर फर्केर) साह्रै थाकेजस्ता छन् बिचराहरू । भाइहरूलाई रङ्ग र चिनी कस्तो चाहिएला ?

दीपक : (हाँसेर) सबैलाई उस्तै मन पर्छ, जसरी दिदीले बनाएर दिनुहुन्छ ।

गोरे : कहिल्यै घर नछोडेका केटाहरू पहिलोपटक परदेसिँदैछन् । आमाबुबालाई दङ्ग्याएर खाएको अब बिस्तारै थाहा पाउलान् । (उठ्तै) म यसो बाहिर गएर आउँछु ।

(निस्कन्छ । साइँलीले चिया बनाएर सबैलाई दिन्छे ।)

दीपक : (चिया पिउँदै) दिदी ! गाडी भेट्न यहाँबाट अब कति टाढा छ ?

साइँली : कस्सेर हिँड्यो भने एक घन्टामा पुगिन्छ । अब त आइसक्यो नि !

(गोरे आएपछि चिया पिएर सबैको पैसा दीपकले तिर्छ ।)

जीवन : उसो भए सिनेमा र फोटोमा देखेको मोटर साँच्चै चढ्ने भइएछ, होइन त साथी हो ?

(सबै हाँस्छन् ।)

●

## दृश्य : चार

स्थान : डेरा कोठा
समय : बिहानको खाना खाने बेला
पात्रहरू : दीपक, गोपी, जीवन

(सबैको खाना पकाउने पालो हुन्छ । पहिलो दिन जीवनको पालो पर्छ । सबैलाई खाना पस्केर दिन्छ र आफू पनि खान थाल्छ । पहिलो गाँस आफैँले खान्छ । निल्न नसकेर मुखमै राखेर बसिरहन्छ । दोस्रो गाँस गोपीले खान्छ र हतारहतार थुकिदिन्छ ।)

दीपक : (भातको गाँस मुखमा लान खोज्दै गोपीसँग) किन ? के भो ?

गोपी : केही भएन । तँ खा न !

दीपक : (मुखको गाँस जबर्जस्ती निलेर मुख बिगार्दै) ओहो ! कस्तरी नुन ?

(पानी पिउन थाल्छ । जीवन अघिदेखि निल्न र ओकल्न नसकी मुखैमा रहेको गाँससँगै हाँस्छ मरीमरी । हाँस्ता मुखको भाग उछिट्टिएर सबैतिर छरिन्छ । जीवनको हाँसोले दीपक हाँस्ता पिउँदै गरेको पानी सर्केर नाकबाट निस्किन्छ । त्यो दृश्यले गोपी जुठै हातले पेट मिचिमिची हाँस्तै बोल्छ ।)

गोपी : अब एउटा बङ्गुर पाल्नुपर्ने भो ।

दीपक : (हाँसो रोक्न खोज्दै) किन ?

गोपी : सबै भान्से यस्तै निस्के भने दिनदिनै फालिएको भात ख्वाउन ।

जीवन : (हाँसो शान्त भएपछि) खै त गोपी ! तेरो मामा सरुवा भएर आएको छ भन्थिस् । त्यो पनि कुरै मात्र रहेछ । नत्र त कहिलेकाहीँ यसो मुख फेर्न पाइन्थ्यो नि ! होइन र ?

(फेरि हाँस्छन् ।)

●

## दृश्य : पाँच

स्थान : मधुको पसल
समय : दिउँसो
पात्रहरू : मधु, आमा र हुलाकी

(मधु पसलमा बसेर पढिरहेकी हुन्छे । चिठी लिएर हुलाकीको प्रवेश)

हुलाकी : नानी ! रजिस्ट्री पत्र छ । (दिँदै) सही गरिदिनुस् त ! (कापी तेर्स्याउँछ ।)

मधु : (चिठी बुझेर सही गरिदिन्छे । प्रेषकमा दीपकको नाम देखेर खुसी हुन्छे । जान लागेको हुलाकीसँग भन्छे ।) राम दाइ ! मेरो चिठी जहिले पनि समयमा ल्याइदिनू ल !

हुलाकी : किन र ? हुलाकमा आएपछि ल्याइहाल्छु नि ! आफ्नो कामै यही हो ।

मधु : (चुरोट दिँदै) दाइ ! चुरोट पिउने होइन ? लिनुस् ।

हुलाकी : (ङिच्च हाँस्तै) चुरोट पिउने अम्मल राम्रो त होइन नै । तर के गर्नु ! छाड्न पनि सकिएन । लौ त नानी ! अरूतिर पनि पुग्नुछ, गएँ है ! (हिँड्छ ।)

मधु : (निदाइरहेकी आमालाई उठाउँदै) आमा ! ए आमा !

आमा : (आँखा चिम्लेरै) हँ, किन ?

मधु : उठ्ने बेला भएन, उठनोस् है ! म भित्र गएँ ।

(कोठामा पस्छे । खाटमा बसेर चिठ्ठी खोल्छे । खामभित्र दीपकले पढेका नोटहरू र साथमा एक पत्र पनि रहेछ । पत्र खोलेर हेर्छे ।)

स्नेही मधु !
हार्दिक सम्झना ।

आरामै छु, तिमीमा पनि सदा आरामीको कामना गर्दछु । तिमीलाई मैले अहिलेसम्म पढेका सबै नोटहरू यसै पत्रसाथ पठाएको छु । पाएपछि अवश्य जवाफ दिनेछ्यौ ।

मधु ! मानिसहरू सहर पसेपछि किन गाउँघर भुल्दा रहेछन् भन्ने कुरा यहीँ आएर थाहा भो । भएभरका सुखसुविधा सहरभित्रै, अनि अलमलिँदा रहेछन् । ढल मिसिएको पानी पिएर होस् वा फोहोरमैला आफ्नै वरिपरि छरेर होस्, मानिस स्वार्थका लागि विवश भएर ज्युँदा रहेछन् । साह्रै दुःख लाग्यो । तर मधु ! तिमी-हामी पनि यसरी स्वार्थी भएर बाँच्न खोज्यौँ भने गाउँघर र देशको माया गर्ने कोही हुने छैनन् । त्यसैले हामीले छलफल गरेर यो निश्चय गरेका छौँ कि पछि हामीमध्येबाट विभिन्न विषय लिएर पढ्नेछौँ अनि

विभिन्न विषयका विशेषज्ञ बनी आफ्नै गाउँको विकासका लागि समर्पित हुनेछौं ।

तिमीलाई पनि अनुरोध छ कि तिम्रो योग्यता र औकातले जे गर्न सक्छ्यौ, आफ्नो जन्मस्थानको उन्नति र प्रगतिका लागि समर्पित हुने दृढ सङ्कल्प गर ।

बस् । बढी के लेखूँ ? बुझ्की छ्यौ । राम्ररी पढ । आमालाई प्रणाम । उषा-उमङ्गलाई प्यार छ ।

सदा शुभेच्छुक
– दीपक

(पत्र पढिसकेर केही बेर पत्रलाई छातीमा टाँसेर सोचिरहन्छे । बिस्तारै पत्रलाई आँखाअगाडि राखेर प्रण गर्छे ।) अवश्य दीपक, अवश्य ।
(पत्र पट्याउँछे ।)

●

## दृश्य : छ

स्थान : स्कुल कम्पाउन्डको ढोका
समय : दिनको ४ बजे
पात्र : पुष्प, दीर्घ, हरि, बबी, सबी र केही विद्यार्थी

(गाउँबाट आएका साथीहरू डेरा पत्ता लगाउन नसकेर छुट्टीको समय पारी ढोकैमा पर्खिरहन्छन् । छुट्टीको घन्टी बज्छ । विद्यार्थीहरू निस्कन थाल्छन् । सबैजना साथीको खोजीमा हुलभित्र यताउता गर्दै हेर्दा एकजना पुष्पको झोलामा ठोकिन्छ । केटो दादा हुन्छ ।)

दादा : (रिसले कठालो समात्दै) इडियट ! तेरो आँखा छैन ? कहींको पाखे !

साथी चम्चे : के हेर्छस् ! हान् न कस्सेर !

पुष्प :	(फुत्कन खोज्दै) यो के गर्नुभएको ?

दादा :	(घुस्सीले कसेर हान्छ र घोक्र्याउँछ । पुष्प भित्तामा ठोकिन्छ । टाउकोमा चोट लाग्छ) थाहा पाइस् ? यही गर्न खोजेको ?

(दादाका साथीहरू हाँस्छन् ।
हरि र दीर्घ रिसले चुर हुँदै पुष्पलाई समाउँछन् ।)

दीर्घ :	(रिसले दाह्रा किट्‌तै दादातिर हेरेर) मानवता नभएको !

दादा :	(झम्टँदै) के भनिस् रे ?

साथीहरू : (रोक्तै) भयो यार, छोड्दे । (ठेल्दै) हिँड् ।

दादा :	(औँला उठाउँदै) बढी होइन नि ! आइन्दा आँखा हेरेर हिँड्ने गर् ।

(सबै गए, साथीहरू देखिएनन् ।
यस्तैमा भित्रबाट दुइटी केटी निस्कन्छन् ।)

दीर्घ :	(छेउमा आइपुगेपछि) सुन्नुस् त !

केटी :	(अडिँदै) भन्नुस् ।

दीर्घ :	यस स्कुलमा पढ्ने दीपक, गोपी, जीवन कसैलाई चिन्नुहुन्छ ?

बबी :	(एकछिन गमेर साथीसित) ए ... हामीसँग कोचिङमा पढ्ने नयाँ केटाहरू त होइनन् ?

सबी :	सोध् न त !

बबी :	कतिमा पढ्छन् ? क्लास दस हो ।

दीर्घ :	हजुर, हो ।

बबी :	एकछिन यहीँ बस्तै गर्नुस् । निस्कने बेला भयो । (निधार थिचेर झोक्राइरहेको पुष्पलाई लक्षित गर्दै) अनि उहाँलाई के भयो ? निधारमा चोट कसरी ?

दीर्घ : (व्यङ्ग्य शब्दमा) सहरी करामत ! हामी त पाखे रे ! तर केही छैन । हामी पनि यही स्कुलमा पढ्न आएका छौँ । पख् । (दाह्रा किट्छ ।)

सबी : त्यही बाघले भेट्टायो होला नि ! घर जाने बेलामा यो कम्पाउन्ड वरिपरि एकथोक न एकथोक गरेकै हुन्छ ।

बबी : (घृणा र क्रोधको भावमा) मोरालाई ठीक पार्ने कोही निस्केन ।

(यस्तैमा दीपक र उसका साथीहरू स्कुलको ढोकामा देखिन्छन् ।)

हरि : (खुसी हुँदै) ए ... साथीहरू !

बबी : तिनीहरू नै रहेछन् । (दीर्घसँग) हवस् त । हामी जान्छौँ साथी भेटिहाल्नुभो !

दीर्घ : (हाँसेर) धन्यवाद !

(केटीहरू जान्छन् ।)

●

# चौथो भाग

## दृश्य : एक

स्थान : स्कुलको गेट
समय : दिउँसो छुट्टीको समय
पात्रहरू : दीपक र साथीहरू

(दीपक र साथीहरू खुसी हुँदै हात मिलाउँछन् ।)

दीपक : (पुष्पको निधारमा चोट देखेर हतास हुँदै) पुष्प ! तेरो निधारमा चोट ? यो कसरी भो ?

पुष्प : (दीर्घलाई देखाउँदै) ऊ ... त्यसलाई सोध् न !

दीर्घ : खै यार ! सहर आइयो । पहिलो दिनमै रहर पुगेजस्तो छ ।

दीपक : किन ? पहिले भन् न, यो कसरी भो ?

हरि : यसै स्कुलको दादासँगको जम्काभेट ।

गोपी : ए, त्यही हिरोले भेट्टायो होला । (पुष्पतिर हेरेर) किन ? तैँले केही भनिस् ?

दीर्घ : केही भन्नै नपर्ने रहेछ । हुलमा तिमीहरूलाई हेर्दै थिएँ । त्यसको झोलासँग ठोकिएछ । त्यसैमा निहूँ खोजेर घोक्र्याइहाल्यो ।

गोपी : (अरू साथीसित) तिमीहरूलाई पनि केही गऱ्यो ?

दीर्घ : मलाई छोएको भए त्यसको ... । (रिसले दाह्रा किट्छ ।)

दीपक : कोही छुट्याउन आएन ?

हरि : त्यसैको चम्चे साथीले तानेर लग्यो ।

दीपक : साह्रै हरामी छ त्यो । (सम्झाउँदै) केही छैन । अब फेरि केही गरोस् न, अनि थाहा पाउँछ ।

जीवन : (पुष्पको झोला बोक्तै) लौ ! डेरा जाऊँ । यसको घाउमा डिटोल लगाउनुपर्छ ।

(सबै हिँड्छन् ।)

●

## दृश्य : दुई

स्थान : डेरा कोठा
समय : साँझतिर
पात्रहरू : गोपी, पुष्प, दीपक, जीवन, हरि र दीर्घ

गोपी : (ढोका खोल्दै) कमसेकम खबर गरेर आएका भए हामी बसपार्कमै लिन आउने थियौँ ।

पुष्प : (कोठामा पस्तै) खै, बालाई भनेरै आएको थिएँ । तर खोइ, के भो कुन्नि !

दीपक : गोरे दाइलाई लिएर आएको भए नि हुन्थ्यो !

पुष्प : (खाटमा बस्तै) कहाँ ... ! ऊ पनि बच्चा बिरामी छ भनेर आउनै मानेन । डेरा थाहा नभएर पो त ! नत्र म त दुईपटक आइसकेकै ठाउँ हो नि !

(अरू पनि सबै बस्छन् ।)

जीवन : खै, हाम्रो चिठी, कोसेली केही छैन ?

(पुष्पको झोला खोल्न खोज्छ ।)

हरि : किन नहुनु ! त्यही कोसेलीले गर्दा त झोला भारी भो नि ! (जीवनसँग) तर मेरो सामान पुष्पकै झोलामा होला ।ण (आफ्नो झोलाबाट सामान निकाल्दै) यीः, यो गोपीको रहेछ (जिम्मा दिँदै) लौ सामान बुझेको भरपाई गरिदे । (सबै हाँस्छन् ।)

पुष्प : (जीवनतिर हेर्दै) जीवन ! झोला हात लगाइहालिस् । त्यसभित्र तेरो कोसेली र चिठी छ, निकालेर ली ।

जीवन : (सामान झिकेर हेर्छ) सेल रहेछ । वाह ! आमाले पकाउनुभएको सेलरोटी । (क्वाप्प खान्छ ।)

गोपी : (जीवनलाई लक्षित गर्दै) यस्तैलाई भन्छन् एकलकाँटे ।

जीवन : (रोटी चपाउँदै) किन ? ए, किन ?

गोपी : यस्तो कुरा भनेर तँ बुझ्दैनस् । तँलाई त प्रमाणित गरेर देखाउनुपर्छ ।

(गोपी घरबाट पठाएको स्टिल बट्टा खोल्छ । मासुको कवाफ रहेछ । खानको लोभी जीवन हतारहतार टिप्न खोज्छ ।)

गोपी : (जीवनको हात हटाउँदै) यो तेरा लागि होइन ।

जीवन : (हाँस्तै) किन ?

गोपी : तँ सेलरोटी खा न ! (अरू हाँसिदिन्छन् ।)

जीवन : (जिल्ल पर्दै) ठीक छ । तैँले दिएको चीज अबदेखि कहिल्यै खान्नँ, बुझिस् ? (रिसले मुख रातो पार्छ ।)

गोपी : (फिस्स हाँस्तै) खै, तैँले बुझिस् कि मैले बुझेँ, थाहा छैन । तर तेरो भाग भने राखिदिएको छु ।

दीर्घ : (बिछ्यौनामा पल्टिँदै) दीपक ! मेरो झोलामा तेरो पनि सामान छ । निकाल् है !

दीपक : आ ... जसले खोले पनि हुन्छ । खोल् न !

दीर्घ : आफ्नो सामान आफैँ खोलेर ली । मलाई त ज्यादै थकाइ लागेको छ ।

दीपक : (जीवनतिर हेर्दै) जीवन खोलेर ले त ! के-के रहेछ, हेरौँ ।

जीवन : (भुक्क पर्दै) छुन्न कसैको चीज !

दीपक : यो कोठा सबैको भएपछि यहाँ तेरो-मेरो केही चल्दैन । जा न खोल् ।

जीवन : अहँ, म खोल्दिनँ ।

दीपक : (जिद्धी गर्दै) तैँले नखोली धरै पाउँदैनस् ।

जीवन : (झर्कन्छ) अहँ ।

गोपी : यसलाई त खुबै पो चित्त दुखेछ । तँलाई त साथी भनेर सबक मात्र सिकाएको ।

जीवन : (रिसको भावमा) केचाहिँ सबक सिकाइस् तैँले ?

गोपी : (सरल भएर) त्यही । मिलीजुली बस्नलाई बाँडीचुँडी खान जान्नुपर्छ भनेर ।

जीवन : (गल्ती महसुस गर्दै) ए, बुझेँ । जाबो सानो कुरालाई यति ठूलो बनाइस् । (केही हाँसेर) तर मैले पूरै साफ गरेको छैन । (सेलको पोको अगाडि राख्तै) लौ साथीहरू हो, आओ ।

दीर्घ : (उठेर झोलाबाट घिउ, कुरौनी र सुन्तला दीपकका अगाडि राखी दिँदै) लौ, तेरो नासो पनि जिम्मा लिएस् ।

दीपक : साथी हो, खान मन भए यसबाट पनि केही खाए हुन्छ । (जीवनतिर हेर्दै) घिउचाहिँ जीवन भान्से भएको बेला प्रायः काम लाग्छ । राम्ररी राख्नू ।

गोपी : (सामान सम्हाल्दै) कति खाने पाएको बेला सबैथोक ? भो ! अहिले एक-एक दाना सुन्तला मात्र । (बाँडेर बाँकी थन्क्याउँछ ।)

दीपक : (दीर्घसँग) मलाई कसैले चिठी लेखेन ?

दीर्घ : (पेन्टको गोजीमा हात हाल्दै) ए, छ-छ । बिर्सेछु । (झिकेर दिँदै) एउटा होइन, दुइटा छ । एउटा आमाको । अर्को चाहिँ कसको हो, आफैँ पढ् । (साथीहरूतिर फर्केर हाँस्छ ।)

गोपी : (बीचैमा चिठी खोस्तै) ए, यो चिठी पनि हामीले नै पढेर सुनाए हुन्न ? (साथीहरूतिर फर्केर आँखा झिम्क्याउँछ ।)

दीपक : (हाँस्तै) केही फरक पर्दैन ।

दीर्घ : कति जिस्कनुपर्ने यसलाई ! (गोपीसँग चिठी खोसेर दीपकतिर हेर्दै) केही त आफ्नो व्यक्तिगत समस्याका कुरा पनि हुन्छन् नि ! होइन र ?

(पत्र थमाइदिन्छ ।)

●

## दृश्य : तीन

स्थान : डेरा कोठा
समय : मध्यरात
पात्रहरू : दीपक र साथीहरू

(साथीहरू सबै मस्त निदाइरहेका हुन्छन् । दीपकलाई निद्रा लाग्दैन । मधुको पत्र पढ्न आतुर दीपक बिस्तारै उठेर बत्ती जलाउँछ र पत्र झिकेर पढ्छ ।)

स्नेही दीपक !
अटुट सम्झना ।

आरामै छु । तिमीलाई पनि सदा सुस्वास्थ्यको कामना गर्दछु ।

तिमीले पठाएको पत्र र नोटहरू बराबर प्राप्त हुन सकेकोमा ज्यादै खुसी छ । आगामी दिनहरूमा पनि यो क्रम जारी नै रहोस् । नबिर्स ल ! पढ्न भनी गएका छौ । राम्ररी पढ । लक्ष्य बोकेर हिँडेको यात्री लक्ष्य पूरा गरेर फर्क ।

म पनि जानेसम्म र सकेसम्म अध्ययन गरि नै रहनेछु । तिम्रा अरू सहयात्रीहरूलाई पनि सम्झना साथै शुभकामना सुनाइदेऊ ।

यसतर्फको कुनै चिन्ता लिनुपर्दैन । तिम्री आमा र बहिनीलगायत हामी सबै सन्चै छौँ । बढी के लेखूँ ।

अन्तमा, तिम्रा हरेक इच्छा-आकाङ्क्षाको सफलताका लागि हार्दिक शुभकामना । बिदा हुन्छु ।

– मधु

(चिठी पढिसकेर दीपक टोलाएर मनमनै कुरा गर्छ ।)

दीपक : मधुलाई मैले कति कुरा लेखेथेँ ।. तर उसले त सहज र सरल शब्दमै टुङ्ग्याइछ । सोचेथेँ केही त अवश्य लेख्ली । (केही बेर भावशून्य भएर टोलाइरहन्छ । अन्तमा मनैमन निर्णय गर्छ) ठिकै छ । उसलाई सिर्फ नोटसँग सम्बन्ध रहेछ । मैले पढेका दैनिक नोटहरू सारेर पठाइ नै रहनेछु ।

(बत्ती निभाउँछ, पल्टन्छ र लामो सास फेर्छ ।)

●

## दृश्य : चार

स्थान : ट्युसन कोठा
समय : बिहान
पात्रहरू : दीपक, साथीहरू, सबी, बबी, विक्रम सर

विक्रम : (नोट गराएर) हेर, अब त जाँच पनि नजिक आयो । मैले गराएका नोटहरू राम्ररी पढ्ने । मैले चिनो लगाइदिएको प्रश्नोत्तरको पनि विशेष ख्याल राख्ने है ! (कलम बन्द गर्छ ।)

सबै : हवस् सर !

बबी : तर सर ... ! (अनकनाउँछे ।)

विक्रम : भन-भन । नबुझ्केका कुरा सोध्नुपर्छ ।

बबी : सर ! केही गरेर कोर्सभन्दा बाहिरको प्रश्नपत्र आयो भने के गर्ने ?

विक्रम : (केही सोचेर) प्रायः त्यस्तो हुँदैन ।

विद्यार्थी : हवस् त सर, नमस्ते !

विक्रम : (हाँसेर) नमस्ते ।

(सबै निस्कन्छन् ।)

●

## दृश्य : पाँच

स्थान : डेरा कोठा
समय : बिहान
पात्रहरू : दीपक र साथीहरू

(परीक्षाको अन्तिम दिन)

दीपक : साथी हो ! आज त परीक्षाको अन्तिम दिन । खुब फ्रेस हुनुपर्छ । भन है क-कसको के-के गर्ने विचार छ ।

पुष्प : म त परीक्षा सक्नासाथ सिधै पिक्चर हल जाने । (साथीहरूतिर हेर्दै) सबै जाऊँ है !

गोपी : नुहाउन नपाएको कति दिन भइसक्यो । आफू त डेरामा आई नुहाइधुवाइ गर्छु ।

हरि : म पनि लुगा धुन्छु । सबै लुगा मैलो भएर बाहिर जाने लुगै छैन ।

जीवन : आ ... आफूलाई त कहिले घर पुगूँ जस्तो भइरहेछ । नुहाउने-धुने घरै पुगेर मात्र ।

पुष्प : परीक्षा सकिएपछि भरे के गर्छस् त ?

जीवन : के गर्ने ! घरमा लैजाने १-२ चीज किन्नुपर्दैन ? त्यसपछि आएर आफ्नो सामान मिलाउँछु ।

दीर्घ : (सही थाप्तै) हो भन्या ! मलाई पनि कहिले घर पुग्नुजस्तो लागिरहेछ । बरू ज-जसलाई जे-जे लिन मन छ, आजै लिएर भोलि त हिँडौँ है !

दीपक : (हाँसेर) ल-ल । सबैको रहर पुऱ्याउन भोलि एक दिन बसौँ, पर्सि हिँडौँला, हुन्न ?

पुष्प : (व्यङ्ग्य भावमा) अनि त ! यसलाई पनि बिदावारी भएर आउने समय चाहियो नि ।

जीवन : कोसँग ?

पुष्प : कोसँग भन्नु ! यसलाई देखेपछि भुतुक्क हुने मैयासँग ।

गोपी : साँच्चै हगि ! यसलाई देखेपछि केटीहरू किन त्यसै मख्ख पर्छन् हँ ? हामीलाई भने कसैले वास्तै गर्दैनन् ।

दीपक : (मुसुमुसु हाँस्तै) भन-भन । क-कसलाई के-के भन्न मन छ, भन ।

दीर्घ : हो भन्या ! यसको त राशी नै कन्या राशी पऱ्या छ कि क्या हो !

हरि : (सही थाप्छ) होला, होला ।

(सबै हाँस्छन् ।)

●

## दृश्य : छ

स्थान : बसपार्क
समय : दिउँसो
पात्रहरू : दीपक, ग्रुप, सवी, बबी र यात्रुहरू

(सबै यात्रु घर जाने बसको प्रतीक्षामा छन् ।
सबी र बबी दीपकलाई खोज्दै आइपुग्छन् ।)

दीपक : (छेवैमा पुगेर आश्चर्य मान्दै) बबी ! तिमी यहाँ ?

बबी : किन ? आउन हुँदैनथ्यो र ?

दीपक : (हाँस्तै) किन नहुनु ? मेरो भन्नुको मतलब ... !

बबी : (गम्भीर भएर) दीपक ! तिमीसित मैले थोरै समय मागेकी थिएँ । त्यति पनि दिन सकेनौ हगि ?

दीपक : सरी बबी ! हेर न, हिँड्ने हतारले गर्दा फुर्सद नै भएन ।

बबी : (व्यङ्ग्य भावमा) फुर्सदभन्दा पनि मनै नभएर भन न !

दीपक : त्यस्तो त अवश्य होइन । बरू तिमीलाई भेट्न नसकेकोमा धेरै दुःख लागेको थियो । तर घर फर्कने हतारमा टिकट ल्याइहालेछन्, के गर्ने ! त्यसैले समयको अभाव भयो । सरी बबी !

बबी : (कुराको मोड फेर्दै) रिजल्ट भएपछि कहाँ पढ्ने विचार छ ? अब फेरि भेट होला कि नहोला, हगि ?

दीपक : यसै भन्न गाह्रो छ । (एकछिन गमेर) पहिले रिजल्ट त आओस्, अनि विचार गर्नुपर्ला । कसो ? (मुस्कुराउँछ ।)

बबी : (गम्भीर भएर) त्यो त हो ! तर पनि पढ्न यहीँ आऊँ है ?

(त्यस्तैमा बस छुट्ने हर्न बज्छ ।
साथीहरू बस चढ्न सुरु गर्छन् ।)

गोपी : (बसको झ्यालबाट) ए, बस छुट्न लाग्यो, चाँडो आइज ।

(सबी सबैसँग बिदा भएर बबीको छेउमा आउँछे ।)

सवी : गफ सकिएन । बस छुट्ने समय भएजस्तो छ । (दीपकसँग) बरू पत्राचारका लागि ठेगाना पाऊँ न !

दीपक : (कलम झिक्तै) यही हो । (दुवैले आ-आफ्नो ठेगाना लिँदै र दिँदै) लौ त बिदा पाऊँ ।

बबी : (हातको सामान दिन्छे) दीपक ! यो सानो भेट ।

दीपक : (छक्क पर्दै) यो के ?

बबी : प्लीज, स्वीकार गर दीपक !

(दीपक बबीको अनुहारमा भावपूर्ण दृष्टिले हेर्छ । आँखामा आँसु सलबलाएको देख्छ । केही नबोलेर चुपचाप त्यो उपहार हातमा लिन्छ र गम्भीर भएर बिदाका निम्ति हात हल्लाउँदै बसतिर लाग्छ । बसले गति लिन्छ । सबै साथीहरू बिदाइको हात हल्लाउँछन् । बबी भने मूर्तिवत् आँखाको आँसुसँगै भावनामा बगिरहन्छे ।)

सबी : (बबीको अवस्था देखेर छक्क पर्दै) बबी ! तँलाई के भयो ? हिँड् घर जाऊँ ।

(बबी दुवै आँखा छोपेर सुँक्कसुँक्क रुन्छे ।)

दीपक : (बसभित्र मनमनै) बबीको आँखामा आँसु ? के आश्चर्य ! के उनी मलाई यति धेरै माया गर्थिन् ? फेरि म उनको कोही पनि होइन । (झट्ट त्यही दृश्य प्रतिबिम्बित हुन्छ ।) यतिका दिनसम्म एउटै क्लासमा पढियो । उसकै टोल-छिमेकमा बसियो । तर उसले कहिल्यै नराम्रो र नचाहिँदो कुरा गरिनँ । बरू भेट्ता आफ्नै दाजुभाइसरह व्यवहार गरी । (उपहार हातमा खेलाउँदै) तर उसले आज यो के गरी ? उफ् ... ! यसभित्र के छ ? हेरूँ भने पनि साथीहरूले जिस्क्याउँछन् । होस् यसै ।

(उपहार झोलाभित्र राख्छ र आँखा चिम्लेर निदाउने प्रयास गर्छ ।)

●

## पाँचौं भाग

## दृश्य : एक

स्थान : पहाडी बाटो
समय : बिहान
पात्रहरू : दीपक र साथीहरू

(बिहान बसबाट उत्रेर सबै बाटो लाग्छन् । दीपक साथीहरूभन्दा पछाडि बस्छ र बबीको उपहार खोलेर हेर्छ । खामभित्र एउटा फोटो हुन्छ । साथमा एक पत्र । आश्चर्य ! त्यसभित्र एउटा 'राखी' रहेछ । केही क्षण जिल्ल परेर अलमलिन्छ र पढ्न थाल्छ ।)

प्यारो भाइ दीपू !

मेरो यो आकस्मिक उपहार र अनौठो व्यवहार देखेर तिमीलाई आश्चर्य लाग्न सक्छ । तर मेरो यथार्थता अवगत भएपछि तिमीलाई अवश्य पनि यो दु:खी दिदीप्रति दया लाग्नेछ ।

जुन दिनदेखि तिमीसँग मेरो परिचय भयो, मेरो अन्तरात्माले तिमीलाई मेरो प्यारो भाइ दीपूका रूपमा ग्रहण गऱ्यो । मेरा आँखाहरू सधैँ तिमीलाई देख्न र हेर्न लालायित हुन्थे । त्यसैले म तिमीसित हरेक बहानामा भेट्ने कोसिस गर्थें ।

म र मेरो भाइ दीपक जुम्ल्याहा भएर जन्मियौं । हामीलाई जन्माएर आमा स्वर्ग हुनुभो रे ! बुबाकै लालनपालनमा हुर्कियौं । भाइ र म सँगसँगै पढ्थ्यौं । उमेरमा सानो भए तापनि उसको विचार महान् थियो । ऊ देशका निम्ति समर्पित भई अघि बढ्न चाहन्थ्यो । यसरी नहिँड् भनेर बुबा र म बराबर सम्झाउने गर्थ्यौं । तर उसको स्वविवेकले हो वा अरूको बहकावले गर्दा हो, स्कुल छुट्टी हुनासाथ ऊ प्राय: प्रजातन्त्रवादी नेताहरूको गफ र भाषणमा सामेल हुन पुग्थ्यो । पोस्टर-पम्प्लेट टाँस्ने र बाँड्ने काम गर्दा धेरैपटक प्रहरीद्वारा समातियो तर नाबालक भनी छाडियो ।

आखिर त्यो दिन पनि आयो । प्रजातन्त्र घोषणा भएको खुसियालीमा जयघोष नारा लगाउँदै घरबाट निस्केको मेरो भाइ अज्ञात गोलीको सिकार भएर प्रजातन्त्रको उदयसँगै उसको जीवनलीला समाप्त भयो । ऊ सहिद भयो । तर हाम्रा लागि ऊ सदासदाका लागि अस्ताइदियो । बुबा पनि भाइको पीरले निकै रोगी हुनुभएको छ । प्रायः टोलाई बस्नुहुन्छ । अहिले आएर म सिर्फ एक्ली भएकी छु भाइ ! सिर्फ एक्ली ।

अन्तमा, तिमीलाई यो दुःखी दिदीको सहस्र अनुरोध छ, प्लीज ! यो नातालाई स्वीकार गरेर एकपटक मात्र भए पनि फर्केर आऊ भाइ ! यी निश्छल आँखाहरू सधैँ तिम्रो प्रतीक्षामा रहिरहनेछन् ।

– दुःखी दिदी

(पत्र पढ्दा-पढ्दै दीपकको आँखा रसाउँछ । बबीलाई नभेटेकोमा पश्चात्ताप हुन्छ । बबीले दिएको 'राखी' सस्नेह चुमेर हातमा लगाउँछ र फोटोलाई हेर्दै वचनबद्ध हुँदै भन्छ ।)

दीपक : बबी ! म अवश्य तिम्रो यो स्नेह र नातालाई स्वीकार्दै फर्कनेछु । विश्वास गर ! तिमी मेरी दिदी हौ ! सिर्फ मेरी दिदी !

●

## दृश्य : दुई

स्थान : बाटो, खोला
समय : दिउँसो
पात्रहरू : दीपक र साथीहरू

गोपी : (खोलाको पानी अँजुलीभरि पिएर दङ्ग पर्दै) यो चिसो र निर्मल पानीले बल्ल प्यास मेटियो ।

पुष्प : (सही थाप्तै) साँच्चै, हाम्रो पहाडको त पानी नै पिएर पनि बाँच्न सकिन्छ जस्तो हगि ?

जीवन : (खोलाछेउको रूखको छहारीमा बस्तै) आहा, क्या शीतल ! (हरि र दीर्घलाई हेर्दै) बस न, एकैछिन थकाइ मारौँ । आज त बिस्तारै गए पनि घर पुगिहालिन्छ नि !

हरि : (काँधको झोला भुइँमा राख्तै) दीपक कता हरायो ?

दीर्घ : (यताउति हेर्दै) उः, ऊ आउँदैछ ।

हरि : (दीपक छेउमा आएपछि) दीपक ! सम्झनाले गोडा उतै तानिदैछ कि कसो ? तँ त खाली एक्लै-एक्लै र पछिपछि मात्र हुन्छस् त !

(थकित दीपक हरिलाई पुलुक्क हेर्छ, छहारीमा झोला राखेर खोलातिर लाग्छ । धीत मरुन्जेल पानी पिएपछि मास्तिर फर्केर आफ्नो गाउँलाई नियालेर हेर्दै शान्तिको सास फेर्छ ।)

दीपक : (रुमालले हात पुछ्तै साथीहरू भएछेउ आउँछ ।) बल्ल आइपुगियो । (छहारीमा बस्छ ।)

गोपी : (केही बेर थकाइ मेटेपछि) उठ है साथी हो, जाऊँ ।

(सबै झोला बोक्तै बाटो लाग्छन् ।)

●

## दृश्य : तीन

स्थान : गाउँको चौतारी
समय : राति । जुनेली रात
पात्रहरू : कृष्णे, गोरे, दीपकका साथीहरू

कृष्ण : ए, केटाहरू आइपुग्यौ ?

सबै : (एकै स्वरमा) नमस्कार काका !

कृष्ण : नमस्कार, नमस्कार ! लौ तिमीहरू पनि थकाइ मार एकछिन । (पुष्प बाबुको पाउ छुन्छ । हात ढोगाउँदै) भाग्यमानी ! अनि त बाबु हो ! परीक्षामा कस्तो गऱ्यौ ?

दीपक : रास्रै गरेका छौँ काका !

कृष्ण : (सबैलाई हेर्दै) पास त हुन्छौ ?

गोपी : किन नहुनु काका ! पढ्नै भनेर त गएका । जिउज्यानले भ्याएसम्म मिहिनेत गरेका छौँ ।

कृष्ण : (हाँस्तै) लौ-लौ । पढे-नपढेको त रिजल्टले नै बताउला नि, कसो ? (सबै हाँस्छन्) बरू थकाइ मरेको भए अब उठ । घरतिर लागौँ । (उठ्तै) १० बज्यो होला कि ?

हरि : (घडी हेर्दै) ट्याक्कै मिल्यो काका ! १० नै बजेछ ।

(सबै उठ्छन् ।)

दीपक : (हिँड्दै) अनि काकाहरू यस बेला कताबाट यहाँ ?

कृष्ण : यसै । तल एकजनासँग सानो व्यवहार थियो । गोरेलाई साथी लिएर झरेको थिएँ । फर्कदा यस बेला भो । (दोबाटोमा अडिँदै) लौ त बाबु हो, घर घरतिर लागौँ । अब दिनदिनै भेट भइहाल्छ नि ! भरे-भोलि बसेर गफ गरौँला ।

(पुष्प साथीहरूसँग हात मिलाउँदै घरको बाटो लाग्छ ।)

●

## दृश्य : चार

स्थान : गाउँको चियापसल
समय : बिहान ७ बजे
पात्रहरू : साथीहरू र दीपक

(दीपक र साथीहरू चिया पिउँदै रेडियो सुनिरहेका हुन्छन् । एसएलसीको नतीजा निस्केको समाचार प्रसारित हुन्छ । फोनमार्फत

सोधपुछ गरेपछि दीपक पहिलो र पुष्प दोस्रो क्षेणीमा पास भएको खबर प्राप्त हुन्छ। खुसीको सीमा रहँदैन। एकले अर्कोलाई बधाई दिने क्रम चल्छ। त्यसपछि दीपक र पुष्प मधुको घरतर्फ लाग्छन्। मधुलाई रिजल्ट भएको कुरा थाहा हुँदैन। ऊ पसलमा बसेर भाइ-बहिनीलाई पढाउँदै हुन्छे। यस्तैमा दीपक र पुष्पको प्रवेश हुन्छ।)

दीपक र पुष्प : (एकै स्वरमा) बधाई छ मधु, बधाई !

मधु : (छक्क पर्दै) केको बधाई ?

पुष्प : ल, रिजल्ट भएको थाहा छैन ?

मधु : (खुसी हुँदै) हो र ? अनि म पास भएँ त ?

दीपक : बधाई त्यसै पाइँदैन नि !

मधु : धन्यवाद ! अनि तिमीहरू के-के भयौ नि ? सुनाऊ न चाँडै।

पुष्प : (दीपकलाई औँल्याउँदै) यो पहिलो श्रेणीमा, बाँकी हामी दोस्रो श्रेणीमा।

मधु : (खुसी व्यक्त गर्दै) तिमीहरूलाई पनि मेरो बधाई छ।

(पसलमा हल्लाखल्ला सुनेर आमाको प्रवेश हुन्छ।)

आमा : आज बिहानैदेखि तिमीहरू केको हल्ला गर्न आइपुग्यौ हँ ?

पुष्प : तपाईंकी छोरीलाई बधाई दिन आएका।

(आमा अलमल्ल परेर दीपकको मुख हेर्छिन्।)

दीपक : हो आमा ! मधु दोस्रो श्रेणीमा पास भई। हामी सबै पनि पास भयौँ। (हाँसिरहन्छ।)

आमा : (हर्षले उत्तेजित हुँदै) हँ ? हो बाबु ? यो पास भएकी पक्का हो ?

पुष्प : ढुक्क हुनुहोस् आमा ! मधु दोस्रो श्रेणीमा पास भइन्। फोनबाट तथ्य खबर बुझेर सिधै यता आएका। बरू सगुन नखुवाउने आमा ?

आमा : आम्मै ! किन नखुवाउनु ? बस है त एकैछिन ! (हतारिँदै भित्र पस्छिन् । तीन कचौरामा दही ल्याएर सबैलाई दिँदै) लौ, तिमीहरू सबैलाई मेरो आशीर्वाद छ । तिमीहरूका हरेक इच्छा र प्रयास यसरी नै पूरा हुन सकून् । (आँखामा हर्षको आँसु पुछ्तै दीपकलाई लक्षित गर्दै) यसको श्रेय तिमीलाई छ बाबु !

दीपक : (जिल्ल पर्दै) किन आमा ?

आमा : तिमीले हामी गरिबमाथि ठूलो गुन लगायौ बाबु ! हामी तिम्रो ऋणी छौँ ।

दीपक : यसरी लज्जित नबनाउनुस् न आमा ! आखिर मैले त्यस्तो ठूलो काम नै के गरेँ र !

आमा : होइन बाबु ! सानै कुरा पछि गएर ठूलो हुने गर्छ चाहे राम्रो होस्, चाहे नराम्रो । तिमीले पठाएका नोटहरू पढेर आज मधुले पनि तिमीहरूसँगै सफलताको सिँढी टेक्न पाई ।

(दीपक र पुष्प मुखामुख गर्दै हाँस्छन् ।)

●

## दृश्य : पाँच

स्थान : पुष्पको घर, दलान
समय : दिउँसो
पात्रहरू : कृष्ण, दीपक, पुष्प, गोपी, दीर्घ

(पुष्प र साथीहरू बसेर गफ गर्दै हुन्छन् ।
भित्रबाट कृष्ण निस्केर खाटमा बस्छ ।)

कृष्ण : (केटाहरूसँग) केटा हो ! तिमीहरूलाई मेरो बधाई छ ।

सबै : (एकै स्वरमा) धन्यवाद काका !

कृष्ण : (तालु सुम्सुम्याउँदै) अँ ... अब यहाँ पढ्नलाई क्याम्पस-कलेज छैन । सबै बाहिरै लाग्नुपर्छ । कस-कसले कताकता जाने विचार गऱ्यौ ?

दीपक : सल्लाह गर्नैछ काका !

गोपी : खै त काका, तपाईंहरूजस्ताले समयमा चाख राखिदिनुभएको भए यस बेलासम्ममा यहाँ पनि क्याम्पस खुल्ने थियो । यसतर्फ कसैले मतलब नै राखेनन् क्यारे !

कृष्ण : खै बाबु ! आफूले नबुझेको कुरा । (एकछिन गमेर) अँ, त्यसो गर्नलाई के गर्नुपर्छ ? सुनाइराख न त ! (चाख लिन्छ ।)

दीपक : (सही थाप्तै) त्यसो त काका, तपाईंहरूले राम्ररी चासो लिइदिनुभयो भने असम्भवको कुरै छैन । समय लाग्न सक्छ । जसरी तपाईंहरूको प्रयासले पुलिस चौकी, हेल्थपोस्ट र टेलिफोन अफिसहरूको स्थापना हुन सक्यो ।

कृष्ण : (आश्वासन दिँदै) ल-ल ! गाउँका हामी सबै भेला भएर यसबारे छलफल गरी सुझाव लिनेछौँ । (उठेर जुत्ता लगाउँदै) लौ त बाबु हो ! तिमीहरू आफ्नो कुरा गर, म एकछिन बाहिर जान्छु । (हिँड्छ ।)

पुष्प : (दीपकलाई धाप दिँदै) यसको लक्ष्य भने पूरा हुने भो । साइन्स पढ्न पाइहाल्छस् ।

दीर्घ : हामी पनि कतै चान्समा सिट पाइहाल्छौँ कि ?

गोपी : नचिता बाबु ! आजकाल बोर्डिङमा पढ्नेलाई त सिट पाउन कति मुस्किल छ । त्यो पनि सकिने कुरा मात्र आँट्नुपर्छ । बुझिस् चाउरे ?

दीर्घ : उस्, यो गधा निस्क्यो नि कतै नभएको आँटी र बुद्धिमान् ! के हामीचाहिँ ... ?

गोपी : भन्-भन् । किन चुप लागेको ?

दीर्घ : पढ्न त मिल्छ होला नि ?

दीपक : (हाँस्तै) किन नमिल्नु ! (साथीहरूतिर हेर्दै) तिमीहरूचाहिँ के-के पढ्ने नि ?

पुष्प : आफू त मेजर इङलिस लिएर पढ्ने विचारमा छु ।

दीपक : आज हरि र जीवन कता लागेछन् ? उनीहरू के-के पढ्ने हुन् कुन्नि !

(सबै आ-आफ्ना घरतिर लाग्छन् ।)

●

## दृश्य : छ

स्थान : मधुको घर
समय : साँझ
पात्रहरू : उषा, उमङ्ग, मधु, गोपी, दीपक

(दीपक सधैँझैँ घुम्ने क्रममा मधुको घर पुग्छ । गोपी पनि त्यहीँ बसेर मधुसँग गफ गर्दै हुन्छ । आँगनमा खेलिरहेका उषा र उमङ्ग दौडेर दीपकलाई छुन पुग्छन् ।)

उषा : (स्वाँ-स्वाँ गर्दै) मैले पहिले छोएँ ।

उमङ्ग : अँ होला ! मैले छोएँ ।

उषा : (झोक्किँदै) मैले । बुझिस् !

उमङ्ग : (जिद्धी गर्दै) मैले (रुन खोज्छ ।)

दीपक : (हाँस्तै दुवैलाई समाएर) मलाई तिमीहरू दुवैले एकैचोटि छोयौ । दुवै पहिलो भयौ । पढाइमा पनि यसरी नै पहिलो हुनुपर्छ है ! (दुवैलाई काखमा लिएर बस्छ ।)

उषा : (जित्न नपाएकोमा रिसाउँदै) तपाईंसित म बोल्दिनँ के ! (जान खोज्छे ।)

दीपक : ल..., किन ?

उषा : (हुप्प हुँदै) तपाईं ठूलो मान्छे भएर पनि झूटो बोल्नुहुन्छ ।

दीपक : (हाँस्तै) अरे ... ! हो उमङ्ग ? मैले झूटो बोलेँ ?

उमङ्ग : (सही थाप्तै) अघि किन झूटो बोल्नुभा'को त ?

उषा : (भाइको हात तान्छे) आइज भाइ, खेल्न जाऊँ ।

(दुवै हात समाउँदै हाँस्तै खेल्न जान्छन् ।
यो बाललीला देखेर मधु, गोपी, दीपक दङ्ग परेर हाँस्छन् ।)

दीपक : (गोपीतिर हेरेर) अनि तँ आज कताबाट आइस् नि ?

गोपी : किन म यहाँ आउन हुँदैनथ्यो र ? (मधुतिर हेर्दै हाँस्छ ।)

दीपक : लामो कुरा नगर् न ! कतै पुगेर आएको होस् कि ?

गोपी : त्यो त पक्का हो ।

दीपक : भन् न त, कता पुगेर आइस् ?

गोपी : साथीहरूसँग सल्लाह पनि गरौँ, विचार पनि बुझ्नुपऱ्यो भन्दै भेट्तै हिँडेको । त्यही सिलसिलामा मधुसँग पनि भेटेर जाऊँ भनेर निस्केको ।

दीपक : कस-कसलाई भेटिस् त अरू ?

गोपी : प्रायः सबैसित भेट भो ! तँ बाँकी थिइस्, भेटिहालेँ ।

दीपक : कुरा के-के भो ?

गोपी : भोलि दिउँसो ४ बजे सबै पुष्पकहाँ जम्मा हुने रे ! तँ पनि आउनू नि !

मधु : एडमिसन खुलिसक्यो रे ! ढिलो गर्न भएन । बरू जो-जो जता-जता गएर पढे पनि राम्ररी पढ्नुपर्छ । लक्ष्य हासिल गर्नुपर्छ । म त यही भन्छु ।

दीपक : (मधुतिर हेर्दै) अनि मधु ! तिमीले के विचार गऱ्यौ त ?

मधु : मेरो विचारमा पहिले र अहिलेमा केही फरक छैन ।

गोपी : धेरै फरक छ मधु ! हामीसँग स्कुल त छ, तर क्याम्पस त छैन नि !

मधु : (गम्भीर भएर) के फरक पर्छ र ?

(दीपक र गोपी मुखामुख गर्छन् ।)

मधु : (फिक्का मुस्कान ओठमा भर्दै) पछि गएर प्राइभेट परीक्षा दिने विचारमा छु ।

गोपी : अहिलेचाहिँ के गरेर बस्छ्यौ त ?

मधु : (दृढ भावमा) के गर्ने ? भाइबहिनीलाई पढाउँछु, पसलमा बस्छु, आमालाई सघाउँछु, फुर्सदमा पढ्ने कोसिस गर्छु । यस्तै-यस्तै ।

(केही बेर सबै स्तब्ध बन्छन् ।)

मधु : यो पनि जीवनको एउटा हिस्सा र कर्तव्यपालनको एउटा निस्सा होइन र ? (मुस्काउँछे ।)

(दीपक लामो सास लिएर छाड्दै गोपीतिर हेर्छ
र भावविभोरतामा टाउको हल्लाउँछ ।)

●

# छैटौँ भाग

## दृश्य : एक

स्थान : डेरा कोठा
समय : दिउँसो
पात्रहरू : गोपी र दीपक

(दीपक कोठामा बसेर पढिरहेको हुन्छ ।
अन्तिम दिन परीक्षा दिएर गोपी कोठामा प्रवेश गर्छ ।)

गोपी : (परीक्षा समाप्त भएको खुसीमा) मेरो त आजदेखि परीक्षा सकियो । क्या आनन्द भो ! तेरो अझै निकै दिन बाँकी छ हगि ? सँगै घर फर्कन नपाइने भो ।

दीपक : (कलम खेलाउँदै) कस्तो गरिस् ?

गोपी : पास हुन्छु भन्ने पूरा विश्वास छ ।

दीपक : उसो भए अग्रिम बधाई लिइहाल् । (गोपी हिहि ... गर्दै हाँस्छ ।) अनि त के ? तँ घर गइहाल्ने ?

गोपी : यतिका दिन के गरेर बस्नु त ? बरू फुर्सद भएको बेला यतैबाट २-४ दिन मावलतिर निस्केर जाऊँ कि भन्ने विचार आयो ।

दीपक : ठिकै हो । अँ, अनि यहाँबाट कहिले हिँड्ने ?

गोपी : भोलि यसो यताउति साथीहरूसँग भेटघाट गर्नुपर्ला । पर्सिको बसबाट फिर्छु । तँचाहिँ कहिले आउँछस् नि ?

दीपक : घर गएर पनि खै के काम छ र ? परीक्षाफल प्रकाशित नभएसम्म बरू यतै बसेर टाइप, कम्प्युटर, अङ्ग्रेजी भाषा सिक्नुपर्ला ।

गोपी : राम्रो कुरा सोचिस् । तर ... (हाँस्छ ।)

दीपक : के तर ? नहाँसी भन् न !

गोपी : तेरो कुरो र काममा फरक देखेर ।

दीपक : (आश्चर्य बन्दै) कस्तो फरक ?

गोपी : यस्तै । जसरी गाउँ फर्कनमा तैँले विभिन्न कारण प्रस्तुत गर्न थालिस् नि, होइन ?

दीपक : तेरो कुरा बुझिनँ ।

गोपी : किन बुझ्नुपर्‍यो त ? सहरमा नै रमाउन र व्यस्त रहन अनेक बहाना बनाएर आफ्ना प्रणहरू भुलेर तँ आफ्नो गाउँदेखि टाढा हुन खोज्दैछस् । बुझ्दैनौँ र हामी ?

दीपक : कस्तो करा गर्छस् हँ ? (सम्झाउँदै) हेर् गोपी ! हामी यहाँ केही सिक्न अनि जान्नका लागि आएका हौँ । सबैले केही न केही कुरामा निपुण हुनैपर्छ । मुखले मात्र गर्छु भनेर केही काम बन्दैन । त्यसका लागि मिहिनेत, अनुभव, लगन र दक्षता चाहिन्छ । बुझिस् त ?

गोपी : (आफ्ना लुगाहरू छुट्याउँदै) अँ-अँ, बुझ्दैछु । जान्नेले जे भने पनि हुन्छ । तँ भन्दै जा, म सुन्दै जान्छु । आफू त पर्सि हिँडिन्छ क्यारे !

दीपक : तँ जे सम्झी । तर म मेरो गाउँका लागि केही बन्छु र केही गर्छु । यो मेरो दृढ प्रतिज्ञा हो ।

(मुठी कस्छ ।)

●

## दृश्य : दुई

स्थान : गाउँको प्राइमरी स्कुल
समय : दिउँसो
पात्रहरू : मधु, दीपक र स-साना विद्यार्थीहरू

(आईएस्सीमा राम्रो अङ्क ल्याएपछि विदेश जाने मौका पाएकाले दीपक गाउँ जान्छ । मधु स-साना ताराबीचको एक्लो जूनझैँ बच्चाहरूको माझमा बसेर गीत सुनाइरहेकी हुन्छे । दीपक घर नगई सरासर मधुलाई भेट्न स्कुल पुग्छ । मधुको सुमधुर स्वरमा गीत गुन्जिरहेको हुन्छ ।)

पढ भाइ पढ बहिनी पढ सबै नानी
धेरै पढे बन्छौ तिमी विद्वान र ज्ञानी

बुद्ध थिए तिमीजस्तै राम तिमीजस्तै
भृकुटी र सीता थिइन् केटाकेटी उस्तै
विवेक र बुद्धिले नै भएका हुन् नामी
धेरै पढे बन्छौ तिमी विद्वान र ज्ञानी

बाबु, आमा, गुरु सबको मान्ने गर अर्ती
ईश्वर र देशप्रति राख श्रद्धा-भक्ति
परिश्रम नै भविष्यको मीठो फल ठानी
धेरै पढे बन्छौ तिमी विद्वान र ज्ञानी

(रूखको छेउमा उभिएर गीत सुनिरहेको दीपक ताली बजाउँछ ।)

मधु : . (झस्केर हेर्दै) अरे दीपक ! (कुर्सीबाट जुरुक्क उठ्छे ।)

दीपक : (मुस्काउँछ) क्लास सकियो ?

मधु : सकियो । (खुसी भावमा) कहिले आयौ ? कस्तो थाहै नदिई आएका !

दीपक : सिधै आउँदैछु ।

मधु : (केटाकेटीहरूलाई हेर्दै) ल आज यति नै । सबैजना घर जाओ । (सबै केटाकेटी उठ्तै हिँड्छन् । दीपक मधुको मुखमा मुग्ध भएर हेरिरहन्छ । लजाउँदै) के हेरेका ?

दीपक : (कुर्सीमा बस्तै) झन्डै नचिनिने भइछ्यौ नि मधु ! दुई-तीन वर्षको बीचमा कति फरक !

मधु : (जुँगाको कलिलो रेखीलाई कड्के नजरले हेर्दै) तिमी पनि त फरक भएछौ नि !

दीपक : (हाँसेर) हो र ? (दुवै हाँस्छन् ।) अनि आमा, भाइबहिनी सबैलाई आराम छ ?

मधु : आमा यसपालि साह्रै बिरामी हुनुभो । अहिले केही ठीक हुनुहुन्छ ।

दीपक : (दुःख प्रकट गर्दै) ओहो ! के भएको ?

मधु : खोकी लाग्दै थियो, त्यसैमा ज्वरो पनि थपियो ।

दीपक : औषधिमुलो के गऱ्यौ ? कि धामी-झाँक्री नै लगायौ ?

मधु : स्वास्थ्य चौकीले नै काम गऱ्यो । त्यहीँबाट दिएको दबाई खाइरहनुभएको छ ।

दीपक : यहाँ डाक्टरको ज्यादै आवश्यकता छ मधु ! तर के गर्ने, गाउँ भनेर कोही आउन मान्दैनन् खै !

मधु : अब ४-५ वर्षपछि त तिमी नै डाक्टर भएर आइहाल्छौ नि ! होइन र ?

दीपक : त्यो त पक्का हो (हाँस्छ ।)

मधु : सायद चाँडै फर्कने होला । बाहिरका लागि सिट पाएकोमा बधाई छ ।

दीपक : धन्यवाद !

मधु : डाक्टर हुने तिम्रो इच्छा पूरा हुन लागेकोमा म ज्यादै खुसी छु । तर डाक्टर भएपछि प्रणलाई सधैँ स्मृतिको पहिलो पङ्क्तिमा राख्न नबिर्स है दीपक !

दीपक : (दृढ स्वरमा) अवश्य मधु ।

मधु : तिमीलाई मेरो शुभकामना छ ।

दीपक : धन्यवाद ! (हातको घडीतिर हेर्दै) मधु ! घर जाने बेला भएन ? म त घर पुगेकै छैन ।

मधु : (प्रश्नसूचक भएर) उस् ! साँच्चै ?

दीपक : हो भन्या ! नपत्याए हेर न, मेरो ब्याग नै त्यही रूखको छेउमा छ । खालि तिम्रो दर्शन गरेर जाऊँ भनेर मात्र यता छड्केको । (मधु लजालु भएर मुख रातो पार्दै हाँसिरहन्छे ।) अब त विश्वास लाग्यो ? मधु 'हो' भनेर खाली टाउको हल्लाउँछे । भुइँको ब्याग टिप्तै) लौ त जाऊँ । तिमीकहाँ भरेतिर आउँछु । आमालाई नमस्कार सुनाइदेऊ ।

(दुवै बाटो लाग्छन् । केही पर पुगेपछि बाटो छुट्टिन्छ ।
मधु दीपकलाई देखेसम्म हेरिरहन्छे र आफ्नो घरतिर लाग्छे ।)

●

## दृश्य : तीन

स्थान : बाटो र दीपकको घरदलान
समय : दिउँसो
पात्रहरू : दीपक, आमा, दीना, छिमेकी काकी

(दीना स्कुल छुटेर घर फर्कदै गरेकी हुन्छे ।
बाटोमा दीपकसँग भेट हुन्छ ।)

दीना : (खुसीले कराउँछे) दाजु !

दीपक : (खुसीको भावमा) दीना ! (समाएर टाउकोमा चुम्छ) के छ खबर ? स्कुल छुट्टी भो ?

दीना : कति बेला आउनुभा'को ?

दीपक : (काँधमा भिरेको झोला देखाउँदै) यीः देखिनस् ? भरखरै आउँदैछु नि ! (हात समाउँदै) भइहाल्यो, सँगै हिँड् न ! आइहाल्यो नि ! बरू भन् न, पढाइ कस्तो छ ?

दीना : अहिले तपाईंहरूलाई जस्तो समस्या छैन । बाहिरबाट दुईजना नयाँ सर आएका छन् । पढाइ राम्रो छ ।

दीपक : ल-ल, राम्ररी पढ्नू ।

(कुरा गर्दै दुवै घरको छेउमा पुग्छन् ।
आमा छिमेकीसँग पेटीमा बसेर कुरा गर्दै हुन्छिन् ।)

दीना : (केही परैदेखि चिच्याउँदै) आमा, यता हेर्नु त ! को आयो ?

आमा : (खुसी हुँदै छिमेकीसँग) लौ, मेरो छोरो पो आइपुगेछ ! (हाँस्तै छोराको स्वागतमा उठ्छे । दीपक काँधको झोला भुइँमा राख्तै आमाका अगाडि झुक्छ । आमा दुई हातले उठाउँदै) भाग्यमानी हुनू । चिरञ्जीवी हुनू ।

दीपक : (छिमेकीतिर फर्केर) नमस्ते काकी ! सन्चै हुनुहुन्छ ?

छिमेकी : सन्चै बाबु ! (दीना झोला टिपेर भित्र पस्छे ।) दिदी ! कस्तो लाठे भएछ तपाईंको छोरो !

आमा : (हाँस्तै) खै ! आफू त उस्तै देख्छु क्यार ! (सबै हाँस्छन् । छोरासँग) हिँड् भित्र ।

छिमेकी : लौ त दिदी, म पनि जान्छु । छोरो आइपुगेको छ, गफ गर्नोस् ।

(उठ्छे ।)

●

## दृश्य : चार

स्थान : मधुको घर
समय : साँझपख
पात्रहरू : दीपक, मधु र मधुकी आमा

(आमा पसलमा बसेर तरकारी केलाउँदै हुन्छिन् । दीपकको प्रवेश)

दीपक : (परैदेखि) आमा ! नमस्ते !

आमा : (खुसी हुँदै) चिरञ्जीवी हुनू । तिम्रो नमस्ते अघि नै पाइसकेँ । बस । (मुढा दिन्छे ।) मधुले भनेदेखि कति बेला मुख देखूँ जस्तो लागेको !

दीपक : सन्चै आमा । (हाँस्तै बस्छ)

आमा : कहाँ बाबु ! यसपालि त सबैले माया मारिसकेका थिए । जे होस्, बाँचेँ । (खुइय गर्दै) के गर्ने बाबु ! दुःख सकिएको रहेनछ भन्नुपर्‍यो नि, कसो ?

दीपक : आम्मै नि ! के भन्नुभएको ? बाँचेर जे पाइन्छ नि आमा ! मरेर केही पाइँदैन ।

आमा : बाँचेर पनि खै के पाइयो र ? जिन्दगीभरि दुःखैमा यहाँसम्म आइपुगियो क्यारे !

दीपक : आमा पनि ! मर्नु त एक दिन छँदैछ नि । तर आफ्नो सृष्टिलाई फुल्न-फल्न पनि त दिनुपर्‍यो नि आमा !

आमा : (फिस्स हाँस्तै) त्यसैले त बाबु ! काललाई पनि पराजित गरिदिएँ नि !

(दुवै हाँस्छन् । भित्रबाट मधुको प्रवेश हुन्छ ।)

मधु : (दीपकसँग) भर्खरै आयौ ?

दीपक : भो एकछिन । के छ ? बस न !

(मधु आमाको छेउमा टुसुक्क बस्छे ।)

आमा : बाबु ! तिमीले हामी गरिबमाथि साह्रै ठूलो गुन लगायौ । तिमीलाई यो बुढी आमाको आशीर्वादले सदा साथ दिनेछ ।

दीपक : फेरि त्यही कुरा ! आखिर मैले के नै ठूलो काम गरेँ र ? जाबो सानो सहयोगका लागि पनि आमा ... !

आमा : (बीचमा कुरा काट्तै) बाबु ! तिम्रा लागि सानो देखिए तापनि हाम्रा लागि साह्रै ठूलो काम गरेका छौ । तिम्रो सानो सहयोगले गर्दा मधु आज बालमन्दिरमा शिक्षिका

भई घरको नुन-भुटुन टार्न सक्षम भएकी छे । गुन देख्ने आँखा चाहिन्छ बाबु ! (दीपक हाँसिरहन्छ । कुराको मोड फेर्दै) अब यहाँ कति दिन बस्छौ ? परदेशी भइहाल्यौ ।

दीपक : खै ! अलि दिन बस्ने मन थियो, तर समय नै कम भो आमा !

आमा : किन र बाबु ?

दीपक : विदेश चाँडै जानुपर्ने भएकाले खालि सबैसँग भेटघाट गर्न र खास गरी खर्चका लागि मात्र आएको । पर्सितिर त गइहाल्छु ।

आमा : (जिब्रो टोक्तै) हँ ? यति चाँडै ?

दीपक : हो आमा ! काठमाडौँ पुगेर विदेश जाने राहदानी मिलाउनुछ । अरू काम पनि धेरै बाँकी छ । (हातको घडी हेर्दै) बरू अहिले जाउँ क्यारे ! घरमा आमासँग कुरै गर्न पाएको छैन । (उठ्न खोज्छ ।)

मधु : बस न एकछिन । एक कप चिया पिएर जाऊ । ल्याइहाल्छु । (उठेर भित्र जान खोज्छे ।)

आमा : (हत्तपत्त उठेर) भइहाल्यो, तँ बस् । म बनाएर ल्याउँछु ।

(भित्र पस्छिन् । आमा भित्र पसेपछि केही बेर सन्नाटा हुन्छ ।)

दीपक : आज भाइबहिनी देख्तिनँ नि ?

मधु : बाहिर खेल्न गएका छन् ।

दीपक : (बाहिरतिर हेर्दै) यस बेलासम्म खेलेर कुन बेला पढ्छन् ?

मधु : आज अलि अबेर गरे । साथी भएतिर गए होलान् । नत्र त चाँडै आउँछन् । (दीपक औँलाले आँखा थिचेर सोचमग्न बन्छ । केही बेरको सन्नाटापछि) किन ? टाउको दुख्यो ?

दीपक : होइन ।

मधु : अनि के भो त ?

दीपक : त्यसै (आँखाबाट औँला हटाउँदै) किन ? केही भएजस्तो छु र ? (हाँसिदिन्छ ।)

मधु : थकाइले होला ।

दीपक : (भावुक भएर) मधु ! म धेरै दिनका लागि बाहिर जाँदैछु । थाहा छ ?

मधु : राम्ररी थाहा छ ।

दीपक : तिमीसँग मेरो धेरै कुरा गर्नु थियो । कहीँ एकान्तमा भेट दिन सक्छ्यौ ? (मधु उत्सुक भएर पुलुक्क दीपकको मुखमा हेर्छे ।) सक्छौ भने मधु, भोलि टिफिनभन्दा पछाडि बिदा लिएर माथि चौतारीमा आऊ । म पर्खिरहनेछु ।

(यस्तैमा आमा चिया लिएर आउँछे । सबै चिया लिन्छन् ।)

आमा : (चिया पिउँदै) बाबु ! जहाँ गए पनि नबिर्स है यी टुहुरा भाइबहिनीलाई ! टाढै भए पनि चिठीमा लेखेर अर्ती-उपदेश पठाउने गर । (दीपक चिया पिउँदै सुनिरहन्छ ।) हाम्रो कोही छैन बाबु ! धन नभएपछि छरछिमेक, दाजुभाइ सबैको हेला होइँदो रहेछ । (लामो सास फेर्छे ।)

दीपक : (चियाको अन्तिम घुड्को पिउँदै) यहाँ कसैको कोही छैन आमा ! सबै भावना मात्र हो । एक्लै आएर एक्लै जाने जिन्दगीमा कसको पछि को गएको छ र ? अतः जस्तो पर्छ, टर्दै जान्छ । चिन्ता गर्नु बेकार छ आमा !

आमा : हुन त हो ! तर पनि जोरिपारीका अगाडि कहिलेकाहीँ निकै गाह्रो महसुस हुन्छ ।

दीपक : (बाहिरतिर हेर्दै) ओहो ! निकै अँध्यारो भएछ । खाना खाने समय हुन लागेछ । आमासँग सरसल्लाह पनि गर्नुछ । अहिले जाऊँ है आमा ? (उठ्छ ।)

आमा :   जाने बाबु ?

दीपक :   हो आमा ! जाने बेलामा आउँछु नि !

(हाँस्तै निस्कन्छ ।)

●

## दृश्य : पाँच

स्थान : बाटो, चौतारी
समय : दिउँसो
पात्रहरू : दीपक, मधु, हुलाकी

(दीपक चौतारीमा पर्खिरहन्छ ।
टिफिनको समयपछाडि बिदा लिएर मधु उतै लाग्छे ।)

मधु :   (हिँडिरहेकी मधुभित्र द्वन्द्व उठ्छ ।) मलाई दीपकले किन एकान्तमा भेट्न खोजेको ? केही भन्नु थियो त घरमा नै भन्दा पनि हुन्थ्यो । (मनमनै सम्झन्छे ।) उसले पठाएका पत्रहरूमा कहीँ कतै केही भन्न खोजेकै हुन्थ्यो । मैले सधैँ नबुझेझैँ गरी जवाफ दिने गर्थें । ऊप्रति मेरो श्रद्धा, माया र विश्वासको कमी छैन । तर पनि मलाई खै के हुन्छ ? यसलाई स्पष्ट पार्ने हिम्मतै हुँदैन । मलाई राम्ररी थाहा छ, सायद ऊ पनि मलाई धेरै चाहन्छ । तर खै ... (एक्लै फिस्स हाँस्छे ।)

हुलाकी : (बाटो छेकेर हाँस्तै) कता हो नानी ?

मधु :   (झस्केर) ए, हुलाकी दाइ ! म त झस्कें नि !

हुलाकी : मान्छे नै नदेख्ने गरी हिँड्दैछ्यौ नि ! टाढै कि कसो ?

मधु :   (हाँस्तै) होइन दाइ । त्यहीँ माथिसम्म जानुछ ।

हुलाकी : लौ त नानी ! बाटो हेरेर हिँड्ने गर । (बाटो लाग्छ ।)

(मधु दीपकनेर पुग्छे ।
प्रतीक्षामा अधीर दीपक मधुको आगमनले खुसी हुन्छ)

दीपक : (खुसीको भावमा) मधु ! प्रतीक्षाको घडी ज्यादै लामो हुँदो रहेछ । यहाँ बितेको आधा घन्टा समय मेरा लागि आधा दिन काट्नभन्दा गाह्रो भयो । (मधु चुपचाप छेउमा उभिरहन्छे । मधुको हात समाएर) बस न ! (असजिलो मान्दै मधु उताउति हेर्छे । हात छाडिदिँदै) सरी मधु ! गल्ती भो माफ गर । मधु ! तिमीलाई यहाँसम्म आउन कष्ट दिएकोमा दुःख त लागेको छैन नि ?

मधु : किन र ? तिमीलाई त्यस्तो लाग्यो ? (मुसुक्क हाँस्छे ।)

दीपक : अहँ ! तैपनि ... (दुवै हाँस्छन् । भावविभोर बन्दै) मधु ! मैले तिमीलाई एक्लै भेट्न खोजेको कारण के भने म अब ४ वर्षको लामो अवधिका लागि यो रमणीय गाउँ र तिमीदेखि टाढा भएर जाँदैछु । त्यसैले केही क्षण भए पनि यो मनोरम प्राकृतिक छटाको काखमा बसेर तिमीप्रति रहेका मेरा अव्यक्त उद्गार व्यक्त गरूँ कि भनेर तिमीलाई यो समय एकान्तमा भेट्न खोजेको हुँ । अन्यथा मान्दिनौ भने आफ्नो मनका कुरा व्यक्त गर्ने अनुमति देऊ ।

(मधु चुपचाप भएर ठूलाठूला आँखाहरू
कहिले दीपकको अनुहारतिर, कहिले भुइँतिर घुमाइरहन्छे ।)

दीपक : (अनुरोध गर्दै) प्लीज मधु ! केही बोल । नत्र मभित्र ....

मधु : (कम्पित स्वरमा) तिमीलाई जे भन्न मन छ भन दीपक ! म सुन्न तयार छु ।

दीपक : धन्यवाद मधु ! बस्, मलाई यति नै पर्याप्त छ । तिमीजस्ती स्वाभिमानी र बुझेकी नारीलाई धेरै शब्दको व्याख्या गर्नु जरुरी छैन । (मधु दृष्टि एकटक भुइँतिर हेरी

सुनिरहन्छे ।) बिन्ती छ मधु ! यो ४ वर्ष जसरी भए पनि तिमी मेरो प्रतीक्षामा बसिदेऊ । मेरो तनमनले तिमीलाई जीवनसाथीका रूपमा ग्रहण गरिसकेको छ ।

(मधु झस्किएर दीपकलाई हेर्छे ।)

दीपक : हो मधु ! तिमीसँगको बिछोड मेरा लागि ज्यादै कठिन हुनेछ । तर पनि हाम्रो उज्ज्वल भविष्यका लागि जस्तै दुःख र कठिनाइको सामना गर्नुपरे पनि कत्ति विचलित हुन्न भन्ने दृढ निश्चय गरेको छु । (एकै छिनको सन्नाटापछि) यसमा सफल हुन र निस्फिक्री अगाडि बढ्न मलाई तिम्रो विश्वास र हार्दिकता चाहिन्छ । भन मधु ! के यो सम्भव छ ?

मधु : (दीपकको हात समाउँदै आँखा चिम्लिएर विश्वास दिलाउँने स्वरमा) विश्वास गर दीपक ! तिम्रा सबै सर्तहरू मलाई मञ्जुर छन् । (शिर झुकाउँछे ।)

दीपक : (खुसीको भावमा) मधु !

मधु : (आँखा जुधाउँदै) हो दीपक ! तिम्रो दृढ वचन पाएर मैले आफूभित्रको आन्तरिक चाहनालाई साकार रूपमा पाउन सकेँ । मेरो मौन तपस्या पूर्ण भयो । तिम्रा लागि ४ वर्ष त के जुनीभर पर्खनेछु र पर्खिरहनेछु ।

(मधुको आँखाबाट हर्षको आँसु बग्छ ।)

दीपक : (आँसु पुछिदिँदै) साक्षी के राखेर विश्वास दिलाउँछ्यौ ?

मधु : (दृढ भएर) यही हृदय ! त्यसभन्दा अरू चाहन्छौ भने यही धरती, यही आकाश, यही सूर्य अनि चौतारी साक्षी राखेँ ।

दीपक : त्यसो भए यिनीहरूलाई नै साक्षी राखेर मेरो यो चिनो स्वीकार गर । यो मेरो याद बनेर हरसमय तिम्रो साथ रहनेछ ।

(हातको औँठी निकालेर दिन खोज्छ ।)

मधु : (औँलाहरू तेर्स्याउँदै) आजदेखि यो तन-मन तिम्रो भयो । बाँध मलाई तिम्रो सम्झना, विश्वास अनि मायाले । (भावविह्वल भएर) बरू तिमी नहराइदेऊ मबाट कतै टाढा गएर ।

(बरबर आँसु खसाउँछे । दीपक औँठी लगाइदिँदै मधुको हात चुम्छ ।)

**समाप्त**

●

प्रिय पाठक !
यो पुस्तक तपाईंलाई कस्तो लाग्यो,
कृपया प्रतिक्रिया व्यक्त गर्न नभुल्नुहोला ।


| **शब्दयात्रा प्रकाशन** | | **लीलादेवी श्रेष्ठ** |
|---|---|---|
| अक्षरधाम, बनेपा–६, काभ्रे | | भोजपुर, हाल काठमाडौँ |
| दूरभाषाङ्क : ०११-६६५४६५ | अथवा | दूरभाषाङ्क : ९८६००७५९९१ |